लेखापरीक्षण प्रतिवेदन

त्रिवेणी गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

त्रिवेणी गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता *(Independence)*
निष्ठा *(Integrity)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*
व्यावसायिकता *(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/157

श्रीमान् अध्यक्षज्यू,
त्रिवेणी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सल्यान।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/157

विषय: लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू,
त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान।

१.कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२ गाउँपालिकाको आय व्ययतर्फ रु. ९२ करोड ७७ लाख ७ हजारको लेखापरीक्षणबाट रु.३९ लाख ९५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१२ लाख ७६ हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु. ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.१६ लाख १० हजार गरी रु.२७ लाख १९ हजार बाँकी रहेको छ।गत वर्षसम्म कायम बेरुजु रु.१३ करोड २८ लाख ९९ हजारमध्ये रु.४ करोड १६ लाख ९३ हजार फस्र्यौट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजु रु.९ करोड ३९ लाख २५ हजार बाँकी रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४.वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।गाउँ कार्यपालिका,अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ।यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(टिकाराम श्रेष्ठ)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७२	१३	३९,९५,३१२	०	७	१२,७६,०२९	०	७२	६	२७,१९,२८३	३७,०००	१६,१०,४६६	१०,७१,८१७	०	०	२६,८२,२८३	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सल्यान	१३,२८,९९,१४८	०	४,१६,९३,१०४	९,१२,०६,०४४	0	२७,१९,२८३	९,३९,२५,३२७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४६	सेनिटरी प्याड ढुवानी खर्च	१०,०००
२	२०८१/८२	६१.३	मुख्यमन्त्री रोजगार कार्यक्रम	८,७९,०४४
३	२०८१/८२	५६	बैठक भत्ता	१,८१,९००
४	२०८१/८२	४९	बढी भुक्तानी	४९,७५३
५	२०८१/८२	४८	प्रविधि हस्तान्तरण	५५,५६२
६	२०८१/८२	३४.१	दश शैया अस्पताल निर्माण	९९,७७०
७	२०८०/८१	५७	कार्यालय समयमा बैठक भत्ता	५,१००

८	२०७९/८०	१०	पालिका चालु	७५,४५,६५०
९	२०७८/७९	३०	सोझै खरिद	५३,४८,६४०
१०	२०७८/७९	३८	समानीकरण अनुदानबाट शिक्षक तलब	४९,९२,०००
११	२०७८/७९	१७.१	पदाधिकारी सुविधा	३३,३००
१२	२०७८/७९	२८	छुट भएको कार्यमा बढि ब्ययभार	४,२५,८७६
१३	२०७८/७९	४७	ग्रेड रकम	१४,३००
१४	२०७८/७९	२२	गत बर्षको भुक्तानी	७,२५,१६२
१५	२०७८/७९	३१	उपभोक्ताको कार्य निर्माण ब्याबसायीबाट	४,८५,४८५
१६	२०७७/७८	२०.२	सशर्त पुजीगत खर्च	५०,४८,०८३
१७	२०७७/७८	२४	प्रोत्साहन भत्ता	२३,२५,७५०
१८	२०७७/७८	२२.२	गुणस्तर परिक्षण	४,९६,६३५
१९	२०७७/७८	१३	गत वर्षको भुक्तानी	७,८७,९४३
२०	म्यानुअल		विभिन्न	१३४५९१८०
		जम्मा		४१६९३१०४

त्रिवेणी गाउँपालिका, सल्यान

(८०६६०५०६३००)

त्रिवेणी गाउँपालिका , सल्यान

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ६ वडारहेको छ भने क्षेत्रफल११९.११ वर्ग किलोमिटर तथा १६६२४ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो।यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२८ देखि २०८२।६।५ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्।सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्ययतर्फ रु. ९७ करोड ७७ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छन्।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ एकीकृत आय-व्यय

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः।

आयतर्फ		व्ययतर्फ	
विबरण	**रकम**	**विबरण**	**रकम**
गतवर्षकोजिम्मेवारीबाकी		**वित्तिय समानिकरण**	
संचितकोष	३६३२४६९२.९२	पालिकाचालु	१०९४३३८१३.४०
धरौटी	६३३१०९४	पालिकापूंजिगत	५४७३२२५२.०
विविधखर्चखाता	१४१३६४४.९८	**जम्मा**	**१६४१६६०६५.४०**
प्रकोप व्यवस्थापन	२८६११९	**संघीयसरकारबाटप्राप्तअनुदान**	
कार्यसंचालन कोष	८०००००	सशर्तअनुदानचालु	१२६८६२६८६.४०
जम्मा	**४५११५५५५०.९०**	सशर्तअनुदानपूंजीगत	३७५२७३४१.0
राजस्व –आन्तरिकआय_		समपुरकअनुदान	७८४७४०
आन्तरिकराजस्व	४६९८४४०.२२	विशेषअनुदान	०
दहत्तर बहत्तर विक्रीबाट प्राप्त आय	१०१०३२४.४०	**जम्मा**	**१६५१७४७६७.४०**
जम्मा	**५७०८७६४.६२**	**प्रदेशसरकारवाटप्राप्तअनुदान**	
संघीयसरकारबाटप्राप्तअनुदान		प्रदेश सशर्त चालु	१२२६०३०.०
वित्तियसमानिकरणअनुदान	७२६७३९२०	प्रदेश सशर्त पुंजिगत	११४७८११२.०
सशर्तअनुदानचालु	१४९१४६५००	**जम्मा**	**१२७०४१४२.०**
सशर्तअनुदानपूंजीगत	४४४०००००	अन्तरसरकारीअख्तियारीसंघ	
समपुरकअनुदान	७८४७४०	सामाजिकसुरक्षा	७२४५३३६९.५०
विशेषअनुदान	०	स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	१२९३५९४५.०
राजस्व बाँडफाँड	७०९९२९२३.२७	**जम्मा**	**८५३८९३१४.५०**
रोयल्टी	२५४६३४.४९	**धरौटी**	१४४७९६३
जम्मा	**३३८२५२७१७.८०**	विविधखर्चखाता	५९५९९११.०
प्रदेशसरकारबाटप्राप्तअनुदान		अनुदान फिर्ता	
वित्तियसमानिकरणअनुदान	८३६६०००	संघीय सशर्त तर्फ	२९१५६४७१.६४
समपुरकअनुदान	**०**	मौज्दात	
विशेषअनुदान	०	**संचित कोष**	३१५५५५०६.५४
सशर्त अनुदान चालु	१२२६०३०	धरौटी	९१७३११०.०
सशर्त अनुदान पुंजिगत	११४७८११२	कार्यसंचालन कोष	९०००००
राजस्व बाँडफाँड सवारी साधन कर	७५७८३५.१५	प्रकोप सन्चालन कोष	२८६११९.०
घरजग्गा रजिष्ट्रेशन दस्तुर	४६०३८२.४०	विविध खर्च कोष	२०५०७८७.८१
जम्मा	**२२२८८३५९.५६**	**जम्मा**	**४३०६५५२३.३५**

विविधखर्चखाता	६५९७०५२.८3		
कार्यसंचालन कोष आय	१०००००		
धरौटी	४२८९९७९.०		
अन्तरसरकारीअख्तियारीसंघ			
सामाजिकसुरक्षा	७२४५३३६९.५०		
स्थानिय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	१२९३५९४५.०		
जम्मा	**८५३८९३१४.५०**		
फरक	१८२४१९		
कुलजम्मा	**५०७९६४१५८.२९**	**कुलजम्मा**	**५०७९६४१५८.२९**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- स्थानीय तहले संचित कोषमा गत विगतको साविक पालिका र गा.वि.स. हरुबाट सरी आएको सम्पत्ती र दायित्व बाँकीको अवस्था समेत स्पष्ट देखिने गरी खाता राखेको छ। स्थानीयसरकारकोकोषकोप्राप्तिरभुक्तानीकोएकीकृतवार्षिकप्रतिवेदन(NPSAS अनुरूप)म.ले.प.फा.नं.२७०ले साविकको उक्त कारोवार समेत पालिकाको सबै प्रकारको कारोवार देखिने गरी आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन।
- कार्यालयले आ.व. २०८१।८२ को लागि बजेट तथा कार्यक्रम स्वीकृत गर्दा स्थानिय संचित कोषमा हुनसक्ने आम्दानी र खर्चको यथार्थतालाइ बिश्लेषण गरेर तर्जुमा गर्नुपर्नेमा सो बमोजिम भए गरेको पाइएन।यस स्थानिय सरकारको कार्यपालिका र सभाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा र स्वीकृत गर्दा गराउँदा आफ्नो अपेक्षित आम्दानी र खर्चलाइ विश्लेषण गरेर मात्र यथार्थतामा आधारित भएर तर्जुमा गर्नुपर्ने देखिन्छ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।कार्यालयले पेश गरेको वित्तीयविवरण यथार्थ र सही ढंगले तोकिए बमोजिमको ढाँचामा बन्नु पर्दछ।
- स्थानीय सरकार सञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले संघिय तथा प्रादेशिक सरकारबाट हस्तान्तरितसामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमसमेत संघीय र प्रादेशिक पुर्वाधार बिकास कार्यक्रम लगायतका कार्यक्रम तथा बजेट शिर्षकबाट भएको आम्दानी तथा खर्चको लेखाकंन सुत्रमा राखि प्रतिवेदन २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा तयार गर्नु पर्दछ।
- एकीकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालु र पुँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुँजीगत शीर्षक र पुँजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शीर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन।अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा,

बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ।पालिकाले समिति गठन गरेको जनाएको छ।समितिलाई थप प्रभावकारी बनाउनु पर्दछ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

४ **आय व्यय फरक**

कार्यालयको कुल आम्दानी (मौज्दात अ.ल्या. समेत) र कुल खर्च (बैंक मौज्दात बांकीसमेत) बराबर हुनुपर्दछ।कार्यालयको उपरोक्त आय व्यय बिबरण अनुसारयो आर्थिक वर्षमा कुल आयतर्फ रू.५०,७७,८१,७३९.२० (मौज्दात अ.ल्या. समेत)आम्दानी र व्ययतर्फ रू.५०,७९,६४,१५८.२९ (बैंक मौज्दात बांकीसमेत) रहेको छ।आय-व्यय विवरणमा व्यय भन्दा आय कम रू.१,८२,४१९.०० भइ फरक परेको सम्बन्धमा बैंक हिसाव मिलान बिबरण तयार गरी यकिन गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१,८२,४१९

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.३९करोड ३५ लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

६ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र सं	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	२३४२४०००	२२५३९७८५	६.५८
२	पूर्वाधार विकास	१०८३६५०००	७५५३०२८८	२२.०८
३	सामाजिक विकास	१७०४७७०००	१३९४५१८६५.६	४०.७७
४	सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र	९३९५०००	८१३२५६५	२.३७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	११७७५०९४७	९६३८१८०५.२८	२८.१७
	जम्मा	**४२९३११९४७**	**३४२०३६३०८.८८**	**१००**

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्येसामाजिक विकासमा सबैभन्दा बढी ४०.७७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटी २.३७प्रतिशत रहेको छ ।

७ **योजना छनौट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको

अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियनगर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ ।यस स्थानीय तहले यो वर्ष अन्य सार्वजनिक निर्माण शिर्षक उल्लेख गरी रु.२,९५,२२,०००.० अवण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट चालुतर्फ रु.४१,२५,०००।–र पुँजीगततर्फ सभाको निर्णयबाट रु.२,५३,९७,०००.० खर्च भएको जनाएको छ । बजेट अबण्डामा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

अवण्डामा बजेट नराखिएको तर अघिल्लो आ व को अन्त्यमा खर्च नभइ बाकी रहेको अ ल्या बाट प्राप्त बजेट हिउदे गाउसभाको १६ औ अधिबेशन बमोजिम बिनियोजन गरी खर्च लेखिएको व्यहोरा छलफलमा कार्यालयले जनाएको छ ।

९ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्थाछ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरीठुलायोजनाछनौटलाईप्राथमिकतामाराखिनुपर्दछ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र. सं.	विवरण	योजनासंख्या	खर्च रकम
१	रु १ लाखभन्दा कमको योजना	३	१६३९९२
२	रु एक लाखएक देखि पाँच लाख सम्मका योजना	९७	१६३९२४२१
३	रु ५ लाखदेखि १० लाख सम्मका योजना	५	४२८३८५१
४	दश लाख एकदेखि ५० लाख सम्मका योजना	३	५५६६३०९
५	५० लाख भन्दा माथिका योजना	२	५००८७५७.१८
	जम्मा	११०	३४११५३३०.१८

१० खर्च बिश्लेषण

यसपालिकाले अघिल्लो आ.व.२०८०।८१ बाट प्राप्त अ.ल्या मौज्दात रु.४,५१,५५,५५०।९०,यस बर्ष कुल आन्तरिक आय रू.५७,०८,७६४.६२ र राजस्व बाँडफाँडबाट रु.७,२२,११,१४०.८२ तथा अनुदानबाट रु.२७,५३,७१,१६०.० समेत रु.५०,७७,८१,७३९.२० आम्दानी भएकोमा चालु तर्फ रु.२३,७५,२२,५२९.४०र पुँजीगत तर्फ रु.१०,४५,२२,४४५.० समेत रु.४३,५५,५९,७४४.२१ खर्च भएको छ।खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३१प्रतिशत रहेको छ।पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। साथै आन्तरिक आय बढाउनका लागि सम्भाव्य उपाय अवलम्वन गर्नुपर्दछ।

११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन्:

बजेट व्यवस्थापनतर्फ

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखांकन र व्यवस्थापन नगरेको, स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयारगर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयको क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको जनाएतापनि सो अनुरुप कार्यान्वियन भएको देखिएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजना बैंक खडा गरेको देखिएन,
- दिगो विकास योजना २०१५-३० लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

खरिद व्यवस्थापनतर्फ

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको जनाएता पनि सो बमोजिम खरिदको कार्य गरेको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा नगरेको,
- कार्यक्रमहरुको विस्तृत विवरण देखिने गरी कार्यक्रम अभिलेख खाता राखेको पाईएन,
- स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजनाको निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय अपेक्षित तर वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगाउतका विषयमा स्पष्ट गरी सरोकारवालासहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा केहीको पालना भएको पाईएन।

भ्रमण खर्च व्यवस्थापनतर्फ

- पालिकाका पदाधिकारीहरुको मासिक अनुगमन सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न गर्ने गरेको छैन,
- पालिकाका पदाधिकारीहरुले प्रयोग गर्ने सवारी साधनमा इन्धनको कोटा निर्धारण गर्ने गरेको तर कार्यान्वियन नभएको।

शिक्षातर्फ

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयारगरी अनुगमन गरेको तर प्रतिवेदन बनाए तापनि सार्वजनिक गर्ने नगरेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निःशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरूको एकीकृत विवरण तयार नगरेको ।

विविधतर्फ

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन ,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्मसँग रु.२० हजार भन्दा कम रकमका विभिन्न विलहरु मार्फत मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्ने गरेको छ,
- कतिपय भ्रमण आदेशमा स्पष्ट काम उल्लेख नगरि कार्यालय सम्बन्धी काम मात्र उल्लेख गरेको छ,
- विद्युत, पानी महशुल यथा समयमै भुक्तानी नगरी ढिलाई गर्दा थप दस्तुर समेत खर्च लेख्ने गरेको छ,
- राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन।केही सामान विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना नभएको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान लिलाम गर्नु पर्नेमा नगरेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- खेलकुद कार्यक्रम, सांस्कृतिक कार्यक्रमहरुको लागी अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- अधिकांशमा पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमामसिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना खर्च
पुँजीगत खर्च	१०४५२२४४५	८६०००००.०	१६१८९२९४	३३१३३३०१	४६५९९८५०	३६५९९८५०
खर्च प्रतिशत	१००	८.२२	१५.४९	३१.६९	४४.६०	३५.०१

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१०,४५,२२,४४५.० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.८६,००,०००.० (८.२२प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१,६१,८९,२९४.० (१५.४९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३,३१,३३,३०१.० (३१.६९

प्रतिशत) रचौथो त्रैमासिकमा रु.४,६५,९९,८५०.० (४४.६० प्रतिशत) खर्च गरेको देखिएको छ।यसरी नै आषाढ महिनामा मात्र रु.३,६५,९९,८५०.० (३५.०१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्चगर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१३ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।

विवरण	सिफारिस भएको संख्या
जन्मदर्ता	४५७
मृत्युदर्ता	१३०
बसाईसराई भई आउनेको दर्ता	१९
बसाईसराई भई जानेको दर्ता	७१
विवाह दर्ता	१९०
सम्बन्ध विच्छेद	०
अन्य	०

१४ **अनुदानको व्यवस्थापन**

१४.१ अनुदान व्यवस्थापन कार्यविधि नियम, २०७७ को नियम ४ मा अनुदान व्यवस्थापन सम्बन्धि व्यवस्था रहेको छ। सोही दफाको उपनियम २ (ङ) मा कृषि तथा पशुपंक्षी पालन व्यवसायको लागि अनुदान तथा साझेदारी सम्बन्धि विषयको अनुदान कार्यविधि स्वीकृतिका लागि प्रदेश सरकारको स्वीकृति लिनुपर्दछ र यसरी स्वीकृतिका लागि पेस गर्नुपुर्व आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ पालिकाले उत्पादनमा आधारित अनुदान सञ्चालन कार्यविधि, २०८१ निर्माण गरी कृषि तथा पशुतर्फ निम्नानुसरका अनुदान कार्यक्रम सञ्चालन गरेको पाईयो।

कार्यक्रमको नाम	प्रति ईकाई अनुदान रकम	जम्मा परिमाण (के.जि.)	लाभन्वित कृषको संख्या	खर्च रकम
कृषकको उत्पादनमा पालिका अनुदान तथा प्रोत्साहन (सुन्तला)	०.७० पैसा प्रति के. जि.	१६२७८१	२ सहकारी र ३५ जना	११३९४७
कृषकको उत्पादनमा पालिका अनुदान तथा प्रोत्साहन (तरकारी)	०.६५ सि/ के.जि. ०.७० प्रतिके.जि.	७२६५०० २७२०००	४ वटा समुहका १२२ जना	२८५९५०
कृषकको उत्पादनमा पालिका अनुदान तथा प्रोत्साहन(मासु विक्रि वितरण बापतको) प्रतिगोटा ०.५० दरले १३०००० अण्डाको ६५००० समेत (अण्डा उत्पादन)	प्रति के.जि. २०	१४१२ (वटा खसि र बोका)	६ वटा सहकारी तथा किसान ३१० जनालाई	११९९९६६
जम्मा			४६७ जना	१५९९८६३

यस्ता कार्यक्रममा दोहोरोपना हुन सक्ने हुँदा नियम बमोजिम स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ। साथै यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।त्यसैगरी प्रदेश तर्फको अनुदान सम्बन्धमा एकिन गरी एकै किसिमको अनुदान दुई तहको सरकारबाट दोहोरो परे नपरेको सम्बन्धमा यथार्थता यकिन गरिनु पर्दछ ।

१४.२ पालिकाले निम्नानुसार पालिका चालु तर्फबाट विभिन्न कृषि तथा पशुपालनका लागि ५०-७० प्रतिशत अनुदानमा विउविजन, विरुवा तथा कृषि औजार वितरण गरेको छ। उक्त अनुदानको प्रभावकारी उपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी अनुदानको प्रभावकारी सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

भौ.नं./ मिति	बिबरण	रकम
	कृषितर्फ	
४/०८१/८/२०	व्यवसायि तरकारी प्रवद्धन कार्यक्रम (कालिका एग्रोभेट सेन्टर) ५०% अनुदानमा तरकारीको हाईब्रिड बिउ बिजन खरिद तथा बितरण	१९७३३५
५/०८१/८/२०	खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रमबाट उन्नत बिउ खुमल शक्ति(कालिका एग्रोभेट सेन्टर बाट खरिद गरी ७०% अनुदानमा ५७ जना लाभग्राही लाई वितरण)	९४५००
६/०८१/८/२०	खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रमबाट गहुँको मुल विउ वितरण (७० % अनुदानमा खरिद ३६ जना किशानलाई वितरण भएको)	५०४००
१८/०८२/२/२५	खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रमबाट मकै तथा धान को विउ ७०% अनुदानमा ३०० जनालाई वितरण (रुक्मेली एग्रो सिडबाट, हरितक्रान्ति कृषि सहकारी)	४०४७६०
१०/०८१/१०/२८	प्राङ्गारिक मल उत्पादन प्रवर्द्धन ७०% अनुदानमा (३ वटा फर्म १० लाभग्राहीलाई अनुदान) गोबर मल तथा गड्यौला विउ वितरण	१२५०००
१५/०८१/१२/११	कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम (५० % अनुदानमा) विभिन्न १२ वटा समुहलाई मिनि टिलर – ११ वटा र कम्वाईन्ड मिल- ६ वटा वितरण भएको	४९८७५०
११/०८१/१०/२३	व्यवसायि तरकारी प्रवद्धन कार्यक्रम (तरकारीको हाईब्रिड बिउ बिजन खरिद तथा बितरण ५०% अनुदानमा) - कालिका एग्रोभेट	२०२६६५
२३/०८२/३/१९	कृषकको उत्पादनमा पालिका अनुदान तथा प्रोत्साहन	४०००००
	पशुतर्फः	
१२/०८१/११/१२ १३/०८१/११/१३	५०% अनुदानमा कृषि मेशिनरी तथा उपकरण वितरण ७ जनालाई चापकटर, डिफ्रिज -१ , कुखुराको प्वाँख खुईल्याउने मेशिन-२, तौल मेशिन-३, दाना मिल -३ वटा, फलामे टोकरी-१	१९५२२७ १६७००

१५ पदाधिकारी सुविधा

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनअनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरि सुविधा पाउने व्यवस्था गरेको छ ।यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ३४जना पदाधिकारीहरुलाई रु.४७,५८,०००.० पदाधिकारी सुविधामा खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ । कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ।

१६ कोष व्यवस्थापन

१६.१ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवामा आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उक्त प्रावधान बमोजिम आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी राख्ने गरेको देखिएन ।अत: ऐनमा उल्लेख भए बमोजिमको रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

१६.२ त्यसैगरी कार्यालयमा रहेका कोषहरुको अवस्था निम्नानुसार रहेको छ।यस्ता कोषहरुबाट हुने कारोवारको सम्वन्धमा पालिकाले उचित कार्यबिधीहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्न ध्यान दिनु पर्दछ।

सिनं	कोषको नाम	कोषगठन भएको कानुन	शुरुमौज्दात	योवर्षथप	यो वर्षकोखर्च	बाकीमौज्दात
१	महिलातथा वालवालिका कोष	संघिय कानून अनुसार	३०००००.	१०००००.	०	४०००००.०
२	प्रकोपव्यवस्थापन कोष	संघिय कानून अनुसार	२८६११९.	०	०	२८६११९.०
३	मर्मतसम्भार कोष	संघिय कानून अनुसार	५०००००.	०	०	५०००००.०
४	विविधखर्च खाता कोष	संघिय कानून अनुसार	१४१३६४४.९८	६५९७०५२.८३	५९५९९९१	२०५०७८६.८१

१७ कर्मचारी व्यवस्थापन

१७.१ **कर्मचारी दरवन्दी तथा करार:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निबृत्तिभरण, औषधीउपचार सम्वन्धित बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिस्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुनेगरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ।यस पालिकालाई बिगत बर्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा ६५ जनाको दरवन्दी स्वीकृत गरेकोमा पालिकाको सभाले ९९ जनाको दरवन्दी स्वीकृत गरी सो मध्ये६३ जना कर्मचारीहरु करारमा राखी रु.२,०१,०४,६३८.००भुक्तानी दिइ खर्च लेखेको बिबरण प्राप्त भएको छ।कार्यालयले संगठन व्यवस्थापन र सर्भेक्षण गरेर थप दरवन्दी स्वीकृत गरेको जनाएतापनि आन्तरिक श्रोतको बिश्लेषण र दिगो व्यवस्थापन बेगर नै सभाले दरवन्दी थपगर्नु र करारमा नियुक्ति गरी भुक्तानी गरेको कार्यलाइ यथार्थमा आधारित भएर गरिएको भन्न मिल्ने देखिदैन।

१७.२ त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक देहायका पदमा ५ जना व्यक्तिलाइ करार नियुक्ति गरी बर्षभरीमा रु.१२,८१,०८६।- भुक्तानी गरेको अनियमित देखिएको रु.

सि नं	नाम	पद	नियुक्ति प्रकार	कार्यरत अवस्था	भुक्तानी
१	सुहानाबुढाथोकी	अ.न.मी.	करार	आधारभूत प्रसुती सेवा केन्द्रदरबन्दी बाहिर	२९९०००
२	प्रतीमा राना	अ.न.मी.	करार	आधारभूत प्रसुती सेवा केन्द्र दरबन्दी बाहिर	२९९०००
३	आशा भण्डारी	अ.न.मी.	करार	आधारभूत प्रसुती सेवा केन्द्र दरबन्दी बाहिर	२९२०८६
४	रगेन्द्र पुन	ल्याव असिस्टेन्ट	करार	अस्पताल दरबन्दी बाहिर	२९९०००
५	अनिता पुन	अ.हे.व.	करार	दरबन्दी बाहिर आधारभूत स्वा.के	९२०००
	जम्मा				१२८१०८६

अनियमित भएको	१२,८१,०८६

१८ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको

मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ।

१९ जिन्सी दाखिला

उत्तरदायित्व नियमावली, २०७६ कोपरिच्छेद १० मा सरकारी सम्पत्तीको जिम्मा, लगत र संरक्षण सम्वन्धी व्यवस्थाहरु रहेका छन्। पालिकाले योवर्ष जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित निम्नानुसारका सुधार तथा सुझावहरु लेखापरीक्षण अवधिसम्म कार्यान्वियन गरेको नदेखिएकोले कार्यान्वियन गरिनु पर्दछ।

- सामान्य मर्मत सम्भारबाट कार्यालय संचालनमा प्रयोग गर्न सकिन सामानहरुको मर्मत गरी प्रयोगमा ल्याउने र नयाँ सामान खरिद गर्ने कार्य योजना सहित बनाउनु पर्ने
- यत्रतत्र रहेको कार्यालय सामानहरुको व्यवस्थापन गर्ने।
- विभिन्न संघ संस्थाहरुले विभिन्न समयमा सहयोग गरेको सरसामानहरु त्यसै कार्यालयमा रहेको र ती सामानहरुलाई आम्दानी बाँधि कार्यालयमा राख्ने।
- पालिका भित्रका सवै निकायमा जिन्सी व्यवस्थापनको अभिमुखीकरण कार्य गर्ने।
- स्वास्थ्य संस्थाहरुमा भौतिक सामानहरुको जिन्सी रजिष्ट्रर र मेडिकल सरसामानको जिन्सी रजिष्ट्रर र मेडिकल सरसामानको जिन्सी रजिष्ट्रर अलग अलग राख्ने।
- पालिका र विषयगत शाखाहरुमा खप्ने र नखप्ने जिन्सी सामानहरुको सहायक खातामा नियमीत गर्ने।
- वडा कार्यालय र अन्य शाखाहरुले खरिद गरेको जिन्सी सामानहरुको पालिका जिन्सी शाखाको PAMS सिस्टममा अभिमलेख राख्ने।

२० संघीय संस्था सहायता

पालिकाले अन्य तहका सरकार अन्तर्गतका निकायलाई रकम निकाशा गर्ने कार्यविधि तथा कानुनको व्यवस्था भएको देखिँदैन। संघ प्रदेश र स्थानीय तह छुट्टा छुट्टै कार्यालय कोड, बजेट प्रणालीबाट सञ्चालन हुने निकाय हुन। पालिकाले देहायबमोजिम अन्य सरकारी निकायलाई रकम निकाशा पाईयो। संघीय कार्यालयलाई पालिकाले रकम निकाशा दिनुपर्ने कानुनी प्रावधान नभएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ.नं./मिति	**अन्य संस्था सहायता**	**संघीय कार्यालयलाई निकाशा**	रकम
७५/०८१/८/१८	ईलाका प्रहरी कार्यालिय लुहाम व्यवस्थापन	गनापुर आटो वर्क्स प्रा।लि (ना.१.झ) महिन्द्रा	२०००००
३५५/०८२/२/३०	काभ्रा प्रहरी चौकी ईन्टरनेट शुल्क वडा व्यवस्थापन खर्च २ नं वडा	नारायण स्टेशनरी एण्ड डि एस. मनि ट्रान्सफर	१००००
४५०/०८२/३/२०	ईलाका प्रहरी कार्यालिलुहाम व्यवस्थापन	शारदा आयल व्यापार सेवा (वडा नं ६को)	५००००

२१ सहकारी संस्था

साबिक डिभिजन सहकारी कार्यालयहरु मध्ये संघियताको कार्यान्वियन सँगसँगै १६ सहकारी यस नगरपालिकामा हस्तान्तरण भई आएका १३ संस्था सक्रिय रही ३ वटा संस्थाहरु निष्कृय रहेकोविवरण प्राप्त भएकोमा निष्कृय रहेको संस्थाहरुमा सर्वसाधारणको पूँजी र सम्पत्ती के कस्तो अवस्थामा रहेको छ सोको जोखिमलाई न्यूनिकरण गरी सर्वसाधारणको सम्पत्ति र अधिकारको संरक्षणको सम्बन्धमा नगरपालिकाले थप यथेष्ठ पहल गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा समवन्धित पदाधिकारी र कर्मचारीहरुको ध्यान जानु आवश्यक छ ।सहकारी संस्थाहरुको प्रवर्द्धन र नियमनमा प्रभावकारीता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्यांकको आधार सिर्जना गर्न पालिका भित्र रहेका सक्रिय सहकारी संस्थाहरुलाई इन्टरनेटमा आधारित एकिकृत विद्युतिय व्यवस्थापन सूचना प्राणाली Software मा आवध्द गराउन र निष्कृय रहेका सहकारी संस्थाहरुलाई शेयर सदस्य र वचतकर्ताहरुको शेयर तथा बचत रकमको भुक्तानी पाउनु पर्ने वा तिनुपर्ने दायित्व समेत सुरक्षित हुने गरी नियमानुसार एकिकरण तथा खारेजीको प्रकृया अगाडी बढाउन पालिकाले थप पहल गर्नु पर्दछ । त्यसैगरी सहकारी क्षेत्रमा देखिएका विकृती तथा समस्याहरुलाई सुधार गर्न, सञ्चालन खर्चमा कटौतीगरी उत्पादन

क्षेत्रमा लगानी बढाउन, सदस्यहरुलाई प्रदान गर्ने सेवामा गुणात्मकता कायम गरी संस्थाहरुको दिगो विकास र स्थायीत्व प्रदान गर्न सहकारी ऐन २०७४ को दफा ८७ एवं यस पालिकाको सहकारी ऐन २०७४ बमोजिम सहकारी सस्थाहरुको एकिकरण विघटन तथा दर्ता खारेज गर्ने कार्यलाई व्यवस्थित गरी सहकारी संस्थाहरुको संख्यालाई चुस्त र दुरुस्त बनाउन एकिकरण, विघटन तथा खारेजी सम्वन्धी आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

२२ **पेश्की बांकी**-

आर्थिक कार्यविधितथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था रहेको छ । कार्यालयले उपलव्ध गराएको विबरण अनुसार पालिका अन्तर्गत देहायका निर्माण कार्यमा रु.१,२८,७३,०००.० म्याद ननाघेको पेश्कीफर्स्यौट हुन बाँकी रहेको छ । नियमावली बमोजिमसमयमा पेश्की फछ्यौट गर्नुपर्दछ ।

पेश्की लिनेको नाम	पेश्की प्रयोजन	म्याद ननाघेको पेश्की बाकी रकम	म्याद नाघेको पेश्की बाकी
प्राकृतिक हमाल जे.भि	गा.पा भवन निर्माण कार्य	१५०००००	-
हिराचन एम.पि शैभाग्य जे.भि	10 सैया अस्पताल निर्माण कार्य	१०००००००	-
विवेक बिशाल कन्स्ट्रक्सन प्रा.लि	कोलचौर खोला कोलचौर खज्जर सडक निर्माण कार्य	९७३०००	-
खैरावाङ इन्जिनियरिङ्ग सर्भिसेस एण्ड कन्ट्रक्सन प्रा.लि	3 नं. वडा कार्यालय भवन निर्माण	४०००००	-
	जम्मा	१२८७३०००	

२३ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहले यो वर्ष खाना तथा खाजा खर्चमा १६,९९,३९१.००बिबिध खर्च शिर्षकबाट खर्च गरेको बिबरण प्राप्त भएको छ।जसमध्ये खर्चका केही उदाहरण निम्नानुसार छन्।यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम पालिकाले थप पहल गर्नुपर्दछ।

भौ.नं. /मिति	**खर्चको विवरण**	**विक्रेता**	**मिति**	**भुक्तानी**
१२३/०८१/९/२८	खाना खाजा खर्च	शम्भु एण्ड माधव कटेज	विभिन्न	१७७२५०
१५५/०८१/१०/२३	खाना खाजा खर्च	खड्का नास्त पसल	बिभिन्न मितिमा	७१८५०
३८३/०८२/३/१०	खाना खाजा खर्च	शम्भु एण्ड माधव कटेज	बिभिन्न मितिमा	७९०००
४८९/०८२/३/२३	खाना खाजा खर्च	शम्भु एण्ड माधव कटेज	बिभिन्न मितिमा	२,१७०००
	जम्मा			५४५१००.०

कार्यपालिका बैठक, बिभिन्न समितिका बैठक, बिभिन्न पालिका स्तरिय कार्यक्रम, अतिथि सत्कार, पालिकाका बिभिन्न आयोजनाको अनुगमन तथा मुल्याङ्कन, पालिका स्तरिय बिभिन्न परीक्षा संचालन, प्र.अ. बैठक, स्टाफ मिटिङ्ग लगायतका बिभिन्न कार्यक्रममा भएको खाजा खर्च भनि कार्यालयको जवाफ रहेको छ।

२४ **मर्मत खर्च**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ उपदफा(६) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने प्रावधान छ।आर्थिक कार्यविधी तथा वित्तीय उत्रदायित्व ऐन, २०७६ को दफा २४ उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम

प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानीनोक्सानी वा लापर्वाही हुन नपाउने गरी सरकारी सम्पत्ती, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।सार्वजनिक खरिद नियमावली, २०६४को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्वन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत सम्भार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं.४१५ बमोजिमको ढाँचामा मर्मत संभार संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा सवारी साधन, मेसिन तथा उपकरणहरुको मर्मतमा रु.१२,४४,२८३.०खर्च गरेको छ।यस्ता खर्चको वील भुक्तानी गर्दा खर्चको औचित्य, मर्मत गर्नुपर्नाको कारण, खर्चको प्रयोजन, पुष्ट्याइ रसो खर्च कुन कार्यक्रमसंग सम्बन्धित भएको हो भन्ने खुलाएको छैन।यस्तो प्रवृतिको खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

भौ.नं. /मिति	भेईकल/उपकरण/ अन्य सम्पत्ति विवरण	मर्मत मिति	मर्मत रकम	कैफियत
२३/०८१/६/१६	५४६० बोलेरो	०८१/६/११	१४९५५१	दिलिप अटोमोबाईल
५९/०८१/८/४	५४६० बोलेरो	०८१/७/८	१५३३०४	दिलिप अटोमोबाईल
७३/०८१/८/१८	विभिन्न मोटरसाईकल मर्मत	०८१/८/१०	४८८००	योगी वर्कशप
७४/०८१/८/१८	विभिन्न मोटरसाईकल मर्मत	साउन,भाद्र,आस्विन विभिन्न	७५३७५	युज्ञान वर्क सप
११७/०८१/९/२३	५४६० बोलेरो	०८१/९/१९	४१६७७	दिलिप अटोमोबाईल
१८५/०८१/११/२२	विभिन्न मोटरसाईकल मर्मत	विभिन्न मितिमा	४५६५०	योगी वर्कशप
३२३/०८२/२/२	रा . १. झ १६२	(दररेट र लागत अनुमान छ) २०८२/१/३०	१८५१०६	पल्लवी सप्लायर्स
४०७/०८२/३/१३	रा . १. झ १६२	०८२/३/६	१५०७६३	पल्लवी सप्लायर्स
३७२/०८२/३/५	विभिन्न मोटरसईकल	०८२/२/२६	५००५०	योगी वर्कशप
४०७/०८२/३/१३	रा . १. झ १६२	०८२/३/२	१५०७६३	पल्लवी सप्लायर्स
४४१/०८२/३/१८	४१०१ स्कर्पियो २०८२/१/१ मा	विभिन्न पार्टिको विभिन्न मितिको भुक्तानि पेस्कि लियर गरेको	१९३२४४	भिष्म रेउले
		जम्मा	**१२४४२८३.०**	

सम्वन्धित चालकले मर्मतका लागि जिन्सी शाखामा निवेदन पेश पश्चात कार्यालयले मर्मत गर्नुपर्ने कारण सहित मर्मतका लगि लागत अनुमान स्वीकृत गरी PAMS प्रणालीमा मर्मत आदेश तयार गरी मर्मत आदेश स्वीकृत गराइ मर्मत पश्चात PAMSप्रणालीमा मर्मत अभिलेख राखी खर्च गर्ने गरेको जवाफ कार्यालयको रहेको छ ।

२५ वितरणमुखी खर्चः

आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन,२०७६ को दफा २४ (२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ । आन्तरिक आय न्युन रहेको अवस्थामा वित्तिय समानीकरणबाट प्राप्त रकमबाट पालिकाले बिभिन्न अनुत्पादक कार्यमा खर्च गर्नु उचित नदेखिकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ.नं./मिति	विवरण	पाउने संस्था	भुक्तानी रकम
४९/०८१/७/११	धार्मिक तथा सास्कृतिक संस्था सहायता (रोटे पिङ्ग निर्माण)	फलावाङ् दशैं मेला कार्यक्रम	१०००००
५१/०८१/७/१३	पुजाकालागि आवश्यक सामाग्री (फलफुल, दुध दहि, तेल, किराना, पुजा सामान आदी	रत्ननाथ मन्दिर व्यवस्थापन	५७५८०
५०१/०८२/३/२४	रत्ननाथ मन्दिर व्यवस्थापन	रत्ननाथ मन्दिर व्यवस्थापन	३९५६०
७६/०८१/८/१९	नव दुर्गा मन्दिर व्यवस्थापन मन्दिर सरसफाई तथा बोका खरिद	शंकर राना	२५०००
४२९/०८२/३/१६	लाखे नाच व्यवस्थापन	शंकर राना	२४६२५
१५७/०८१/१०/२८	जेष्ठ नागरिक सम्मान (मह वितरण)	उमेश चौधरी	१०००००
४७८/०८२/३/२२	जेष्ठ नागरिक सम्मान	ईलेक्ट्रिक किट्ली १२२	२०००००
२५/०८१/६/१६ १११/०८१/९/१७	सचेतनामुलक विज्ञापन प्रकाशन तथा प्रसारण	युग पोष्ट मिडिया दुर्गा अपसेट प्रेस, रोमा एडभर्टाईजिङ्ग	२०००० २२५०० ५०००
३३२/०८२/२/१८	सचेतनामुलक विज्ञापन प्रकाशन तथा प्रसारण	विभिन्न १६ वटा पत्रपत्रिकालाई	१५०००
५११/०८२/३/२५	सचेतनामुलक विज्ञापन प्रकाशन तथा प्रसारण	विभिन्न १२ वटा पत्रपत्रिकालाई भुक्तानी	१६१०००
५१२/०८२/३/२५	सचेतनामुलक विज्ञापन प्रकाशन तथा प्रसारण	विभिन्न ७ पत्रिकालाई	३७०००
५१३/०८२/३/२५	सचेतनामुलक विज्ञापन प्रकाशन तथा प्रसारण	विभिन्न १६ वटा पत्रपत्रिकालाई	१२४०००
१७६/०८१/११/१२	विदयालय रंगरोगन तथा फर्निचर खरिद	श्री गायत्री प्रा. वि.	१५००००
४०१/०८२/३/१३	वडाका ८ का विद्यालयका विद्यार्थिलाइ कपी, व्याग वितरण	राप्ती स्टेसनरी	१७४३०७
१२१/०८१/९/२४	वडा नं १ को लागि खेलकुद सामान वितरण	राप्ती स्टेशनरी एण्ड बुक सेन्टर(भलिबल नेट पम्प)	४८८१६
४८२/०८२/३/२२	वडा नं १ विद्यालयलाई फर्निचर खरिद	श्री जन सहयोग मा. वि. लाई (कार्पेट, टेबुल,कुर्ची दराज आदि)	९९९२५
१३३/०८१/१०/१०	वडा नं. ३ खेलकुद सामाग्री खरिद वितरण	अमर राज कालाथोकी	३०५००
३५६/०८२/२/३०	वडा नं. -१ बाट खेलकुद सामग्री वितरण काँरा गिठी युथक्लबलाई	न्यु विकास स्टेशनरी	१९५००
४६६/०८२/३/२१	वडा नं ६ को जेहेन्दार, विपन्न र अपाङ्ग विद्यार्थिलाई शैक्षिक सामाग्री वितरण व्याग, स्टशनरी	राप्ती स्टशनरी डि.बि.फेशन गार्मेन्ट	१,५०,०००।

२६ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । प्राप्त विवरण अनुसार यस स्थानीय तहले देहाय बमोजिम विभिन्न प्रयोजनको लागि यो वर्ष बिभिन्न ३५ जना व्यक्ति एवं संघ संस्थालाई पालिकामा नगर प्रमुख र वडामा वडाध्यक्षको तोक आदेशबाट जम्मा रु.१,८०,०००.०आर्थिक सहायता वितरण गरेको बिबरण प्राप्त भएको छ।यस्तो खर्चमा कानुनको पूर्ण पालना गर्दै मितव्ययिता कायम गर्नु पर्दछ।

गो भौ न र मिति	आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम	प्रयोजन	सहायता रकम
५-२०८१/०६/०८	कृष्णी बिष्ट	घर भत्किएको	१००००.०
१९-२०८१/०६/१३	हिरम लाल खड्का	आगलागि	३०००.०
२९-२०८१/०६/१६	गिता बुढा	चट्याङ परी घरमा क्षती तथा घाइते	२००००.०
६८-२०८१/०८/११	डिल्लीराम रेउले	रुखवाट लडी उपचार खर्च	७०००.०
१८४-२०८१/११/२०	शिवलाल खत्री	चोटपटक खर्च	१००००.०
२१७-२०८१/१२/१२	गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल	बार्षिक शुल्क	३००००.०
२६८-२०८२/०१/०८	छत्रेश्वरी युवा क्लब	खेलकुद कार्यक्रमका लागि सहयोग	१००००.०
२७६-२०८२/०१/०९	मान बहादुर थापा	बल्ड मनि वापतको सहयोग रकम	२५०००.०
२९६-२०८२/०१/२१	प्रेम बुढाथोकि	टाउकोमा चोटपटक लागेवापत उपचार खर्च	१००००.०
३३४-२०८२/०२/१८	पम्फा बुढा	चट्याङ परी घरमा क्षती	१००००.०
३३५-२०८२/०२/१९	उमा खड्का	क्यान्सर पिडित	१००००.०
२८४-२०८२/०३/१०	मानव सेवा आश्रम, तुल्सीपुर	सहयोग रकम	२५०००.०
५२०-२०८२/०३/२५	टोपिलाल कवर	पहिरोले घरमा क्षती	५०००.०
५२०-२०८२/०३/२५	हिमा गिरी	पहिरोले घरमा क्षती	५०००.०
जम्मा			१८००००.०

आर्थिक सहायता सम्वन्धी कार्यबिधी र विपद व्यवस्थापन सम्वन्धी कार्यबिधी बमोजिम आर्थिक सहायता प्रदान गरेको र पालिका स्वयंले समेत मनबहादुर थापा बचाउ अभियान संचालन गरी रु.७६ संकलन गरी ब्लड मनिबापत बुझाइ निजको जिउज्यानको सुरक्षा गरिएको व्यहोरा कार्यालयले जनाएको छ ।

२७ **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ उपदफा(६) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने प्रावधान छ ।आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४उपदफा (२) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३९ (११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानीनोक्सानी वा लापर्वाही हुन नपाउने गरी सरकारी सम्पत्ती, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।सार्वजनिक खर्च मापदण्ड निर्देशिका,२०७७को दफा.७.१.१६ का ३० जना कर्मचारी दरवन्दी रहेको कार्यालयका मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ।सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको ईन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ।पालिकाले यस आर्थिक वर्षमाकार्यालय प्रयोजन भनि सवारी साधनमाइन्धन रु.१३,७९,६२६.०० खर्च गरेको छ।यस्ता खर्चको वील भुक्तानी गर्दा खर्चको औचित्य, खर्च गर्नुपर्नाको कारण, खर्चको प्रयोजन, पुष्ट्याइ रसो खर्च कुन कार्यक्रमसंग सम्बन्धित भएको हो र खर्चको लगबुक समेत खुलाएको छैन। यस्तो प्रवृतिको खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

भौ.नं. /मिति	भेईकल/उपकरणको अन्य सम्पत्ति विवरण	ईन्धन विवरण	भुक्तानी पाउने	भुक्तानी रकम
१०/०८१/६/८	डिजल – ११४६ पेट्रोल - ७२७	कार्यलाय प्रायोजन साउन र भाद्रको	हाम्रो पहुँच बहुद्धेश्यीय सहकारी संस्था लिमिटेड	२९८५१७
३४/०८१/७/८	डिजल – ५४४ पेट्रोल – ६४२.५	कार्यलाय प्रायोजन आश्विन महिनाको	हाम्रो पहुँच बहुद्धेश्यीय सहकारी संस्था लिमिटेड	१८२४३३
६७/०८१/८/११	डिजल – ५२७.५ पेट्रोल – २३१	कार्यलाय प्रायोजन कार्तिक महिनाको	हाम्रो पहुँच बहुद्धेश्यीय सहकारी संस्था लिमिटेड	११८४५७
१०६/०८१/९/१२	डिजल – २६३ पेट्रोल – ६०७.५	कार्यलाय प्रायोजन मंसिर महिनाको	हाम्रो पहुँच बहुद्धेश्यीय सहकारी संस्था लिमिटेड	१५१७५०
१३९/०८१/१०/१३	डिजल – २८३ पेट्रोल – ६०७	कार्यलाय प्रायोजन पौष महिनाको	हाम्रो पहुँच बहुद्धेश्यीय सहकारी संस्था लिमिटेड	१४१३५०
१७७/०८१/११६१३	डिजल – ४३५ पेट्रोल – ५९६.५	कार्यलाय प्रायोजन ग महिनाको	हाम्रो पहुँच बहुद्धेश्यीय सहकारी संस्था लिमिटेड	१६८१८३
२५८/०८१/१२/२८	५४६० गाडिको	डम्बर बहादुर घर्ती	विभिन्न	१०००००
३२/०८१/७/५	४१०४ (गाडीको)	पदाधिकारी ईन्धन	सारदा आयल व्यापार सेवा	५०६७५
१०९/०८१/९/१७	बा २ झ ४१०१	पदाधिकारी ईन्धन	भिष्म रेउले	६४१९०
२५५/०८१/१२/२८	डिजल – २१० पेट्रोल – ४४८	कार्यलाय प्रायोजन महिनाको	हाम्रो पहुँच बहुद्धेश्यीय सहकारी संस्था लिमिटेड	१०४०७०
			जम्मा	**१३७९६२६.०**

इन्धन प्रयोग गर्नको लागि माग फारम भरी सम्वन्धित कर्मचारीले स्पष्ट प्रयोजन खुल्नेगरी सवारी इन्धनको लगबुक संलग्न राखी इन्धन खर्चको समुचित व्यवस्थापन गरेको छ ।साथै इन्धन खर्च गर्दा पालिकाको कार्य संचालन निर्देशिका, २०८१ बमोजिम इन्धन उपलव्ध गराइ लगबुक राखी व्यवस्थित गरेको जवाफ कार्यालयको रहेको छ ।

२८ **औषधी तथा सर्जनिकल सामान खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ।पालिकाले यो वर्ष कोटेशनको माध्यमबाट जनस्वास्थ्य सम्वन्धी औषधीतथा सर्जिकल सामग्री खरिदमारू.५५,९४,५६३.०० भुक्तानी गरेको बिबरण प्राप्त भएको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।यस सम्बन्धी देखिएका थप व्यहोराहरु निम्नानुसार छन्:

२८.१ **औषधी खरिद टुक्राएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८उपदफा (२) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद टुक्राउन नहुने व्यवस्था छ।सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु.२५ लाखसम्मको खरिद कार्य उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्रीमुल्यमा सोझैखरिद गर्न सकिने प्रावधान रहेको छ र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ।सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ।पालिकाले यो वर्ष जनस्वास्थ्य तर्फ औषधी तथा सर्जिकल सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको नियम ८ अनुसार खरिदको योजना तथा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट एकमुष्ट रुपमा प्रतिस्पर्धा गराएर खरिद गर्नुको साटो देहाय बमोजिम खुला दरभाउपत्रबाट लागत अनुमान भन्दा ०.०३% देखि ०.०८% सम्म न्युन घटी दरमा प्रस्ताव स्वीकृत

गरी रु.५५,९४,५६३.०० भुक्तानी गरेको देखियो।सोझै दरभाउपत्रबाट गरेको खरिदमा न्युन प्रतिस्पर्धा भएबाट औषधी तथा सर्जिकल सामान खरिदमा स्वच्छ प्रतिस्पर्धा भएको पाइएन।यसमा सम्वन्धित पक्षको ध्यान गइ सुधार हुनुपर्दछ।

गौ.भौ नं. र मिति	आपूर्तिकर्ता	लागत अनुमान	सम्झौता रकम	रकम
१७-२०८१।६।२२	सि.एच. मेडिहेल्थ कन्सर्न प्रा.ली.	१०,८३,०००.०	१०,८२,०५४.०	१०,८२,०५४.०
४-०८१/६/१६	जय माता मेडिसिन सप्लायर्स		१,५८,१०१.०	१,५८,१०१.०
९३-२०८१/१२	इलाइट मेडिहेल्थ कन्सर्न प्रा.ली.		६,००,०००.०	६,००,०००.०
११-०८१/११/२०	मुक्तिनाथ मेडिको फर्मा	१०,००,०००.०	९,९९,६६६.०	९,९९,६६६.०
२०-०८२/१/१४	ग्रेडियन्ट बायोमेडिकल प्रा. लि.		४,६१,६६८.०	४,६१,६६८.०
२३/०८२/२/२०	सनसाईन मेडिकल कन्सर्न प्रा. लि. -	१०,००,०००.०	९,९९,५३७.०	९,९९,५३७.०
	डि.ए. मेडिकियर सोलुसन प्रा.लि	८,००,०००.०	७,७३,६५७.०	७,७३,६५७.०
	लमही सर्जिकल हाउस	३,००,०००.०	२,७०,०००.०	२,७०,०००.०
	इलाइट मेडिहेल्थ कन्सर्न प्रा.ली.	३५००००	२४९८८०	२४९८८०
	जम्मा		५५९४५६३	५५९४५६३

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ठेक्का आह्वान गरी खरिद गरेको साथै सो आर्थिक वर्षमा बचत हुन गएको औषधिले आ व २०८१/८२ को असोजसम्म पुगेको हुदा ठेक्का आह्वान नगरिएको साथै आ व २०८२/८३ मा औषधी खरिदको ठेक्का आह्वान गरी खरिद प्रकृया व्यवस्थित गरिएको व्यहोरा कार्यालयले दिएको छ ।

२८.२ **औषधीको सदुपयोग** - आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ।नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरु रहेका छन्।कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेकार संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधी, सर्जिकल समान तथा उपकरणहरुको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधी तथा सर्जिकल सामानहरु र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन।कार्यालयबाट प्राप्त बिबरण अनुसार निम्नानुसारबिभिन्न ठुलो परिमाणका औषधीहरु यो आ व २०८१।८२ को अन्त्यमा म्याद समाप्त भइ प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो। जसमध्ये धेरैको मुल्य समेत नखुलेको व्यहोरा प्राप्त बिबरणबाट देखियो।यसप्रकार औषधीहरु नोक्सानी हुनुमा तालुक सरकारका निकायहरुले घटी म्याद भएका औषधीहरु ढिलागरी पठाएबाट सो बमोजिमको अवस्था श्रृजना हुन गएको व्यहोरा लेखापरीक्षणको क्रममा जनाइएको छ।यसरी सर्वसाधरण जनताको सुबिधालाइ लक्षित गरी सरकारी रकमबाट खरिद गरीएका औषधीहरु कसको लापरवाहीबाट नोक्सानी हुन गएको हो यथार्थता यकिन गरीनु पर्दछ।

सि नं	औषधीको नाम	प्राप्ति (स्थानीय/ प्रदेश/ संघिय सरकार)	म्याद समाप्तमिति	परिमाण	मुल्य रु.
१	inj. Adrenaline	सघियसरकार	२०२५ Aug.	१०	१२०
२	Cap. Amoxycillin ५००mg	स्थानीय	२०२५ Aug.	५००	३९४५
३	Cathetar	स्थानीय	२०२५ Jul.	१०	११३०
जम्मा					५१९५

२९ **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु। ५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु।५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ।सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ।पालिकाले यो वर्ष बिभिन्न बिक्रेताको बिभिन्न बिल बिजकबाट करिव ३५९ भन्दा बढी कारोवारबाट रु.१,११,१८,८४४.०० रकम बराबरको बिभिन्न बस्तु तथासामाग्री खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको बिबरणकार्यालयको PAMS सफ्टवेयरबाट प्राप्त भएको छ।यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा सोझै तथा ३ वटासंग दर माग गरी पटक पटक खरिद गरीएको छ। कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन।विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ।वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी छुट्टा छुट्टै रुपमा खरिद गर्ने गरिएको छ।जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो।वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन।यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन।यसका केहीउदाहरणनिम्नानुसार छन् ।

सि.नं.	मिति	आपूर्तिकर्ताकोनाम	बिल नं.	रकम	कैफियत
१	२०८१-०७-०८	न्यूमहालक्ष्मी अफसेट प्रेस	२१,२२	४०९,०६०.००	बिरामीपूर्जा, धरनक्सा किताब, रातो किताब, लगायत विभिन्न छपाई
२	२०८१-०८-०५	कालिकाएग्रोभेट सैन्टर	३१	३९४,६७०.००	कृषीसम्बन्धी विभिन्न बिउबिजनहरु
३	२०८१-०८-०५	कालिकाएग्रोभेट सैन्टर	३०	१३५,०००.०	कृषीसम्बन्धी गहुको बिउ
४	२०८१-०७-२८	भवानीछापाखाना	५८,५९	२५१,८५४.४०	शिक्षाशाखाबाट विद्यालयहरुका लागि विभिन्न किताबहरु छपाई
५	२०८१-०९-१९	न्यूल्याप्टप हस्पीटल	०८	२२६,००२.२६	ल्यापटप,प्रिन्टर, मोनिटर र ट्रली स्पिकर
६	२०८१-०९-१९	साईनाकम्प्यूटर एण्ड ईलेक्ट्रोनिक्स सप्लायर्स	३३	२८६,४९५.६८	स्टेबिलाइजरर ब्याट्री
७	२०८१-०९-१९	स्मार्टकम्प्युटर वल्ड	०९	२२३,९९८.७७	प्रिन्टरल्याप्टप
८	२०८१-१०-२१	ब्रिजितासप्लायर्स	०२	२९८,६५९.०	प्रधानमन्धीरोजगार सामाग्री
९	२०८१-१०-२५	लुम्बिनीएग्रो हब	०८	३९०,४५४.६०	पशुपंक्षीकोमेशिनरी सामाग्री तथा फ्रिज
१०	२०८१-११-२१	मोर्डनभेट सेन्टर	१९८४,१९85	२९७,७१६.०	पशुपंक्षीकोऔषधि
११	२०८१-११-१३	पंचदेबीसप्लायर्स	३०	२४८,७४१.२५	विपदप्रतिकार्य सम्बन्धी सामाग्री
१२	२०८१-११-१२	हाम्रोगार्मेन्ट उघोग	४४	१५३,८२४.६४	अध्यक्ष्यकप तथा राष्ट्रपती रनिङ्गसिल्डका लागि ट्र्याक सुट तथा गेमसेट
१३	२०८१-११-२०	कालिकाएग्रोभेट सैन्टर	५९	१५९,३३०.०	पशुपंक्षीकोऔषधि
14	२०८१-१२-०२	हनुमानट्रेडिङ्ग कन्सर्न	३७०	३०१,१३३.७०	ज्येष्ठनागरिक तथा फरक क्षमता भएका व्याक्तिलाई वितरण
१५	२०८१-१२-१२	न्यूल्याप्टप हस्पीटल	७५	५१२,५७९.८६	ल्यापटप, ब्याट्री र इन्भटर
१६	२०८१-१२-१२	न्यूल्याप्टप हस्पीटल	१६	१३२,००२.०८	ब्योमेट्रीकडिभाइस
१७	२०८२-०१-२६	लुम्बिनीएग्रोटेक एण्ड सप्लायर्स	१३१	२८५,०००.०	खाद्यन्नबालि प्रर्वद्धन कार्यक्रमबाट त्रिपाल/पाल
१८	२०८२०१-२४	स्माइलइन्टरनेशनल ट्रेड कन्सर्न	०५०	१२४,८६५.०	पंचेबाजा
१९	२०८२-०१-२१	फाइन्डअल नेपाल प्रा.लि.	०१	३४६,२२०.०	Payroll Niakasa

					Software शिक्षा शाखाको
२०	२०८२-०१-२६	गोरखाट्रेडर्स	५५	२३२,०५०.०	खाद्यन्नबाली प्रर्वद्वनबाट टिनको भकारी
२१	२०८२-०२-१४	पृथ्वीएग्रोभेट सेन्टर	२२३३	३१०,५००.०	पशुपंक्षीओषधी
२२	२०८२-०२-१४	जयखैराबाङ स:मिल उद्योग	३२	५२९,६६४.९०	रुमटु रिड फर्निचर शिक्षा
२३	२०८२-०२-२०	सगरमाथासर्जिकल एण्ड केमिकल हाउस	१४८	९७९,०१२.५१	सामूदायिकविद्यालयका छात्राहरुलाई सेनिटरी प्याड
२४	२०८२-०३-०३	मोहम्मदहारुन सिलाई मशिन पसल	१६७	१२०,८२२.९९	लघुउद्यम कार्यक्रमका लागि सिलाइ मेशिन
२५	२०८२-०३-०५	कृषिनरीनेपाल प्रा.लि.	TI५४५-MMX-८१/८२	२०१,९००.०	गरिवसँग विसेश्वर कार्यक्रमबाट मिनि टिलर
२६	२०८२-०३-१७	सम्पूर्णहोम डेकोर	३४०	१९४,५८६.०	मेलमिलापकर्ताव्यवस्थापनका लागि फर्निचर सामाग्री
२७	२०८२-०३-१६	देवप्लाष्टीक ईण्डष्ट्रिज	DPISB-४०५-८१/८२	१,०९०,०१०.८३	खानेपानीएच.डि.पि पाइप
२८	२०८२-०३-१२	रासीस्टेशनरी एण्ड बुक्स सेन्टर	६६५	१५९,३१३.७३	लक्षितवर्ग एवं बालबलिकाको लागि ब्याग र कापी
२९	२०८२-०३-१३	स्मार्टकम्प्युटर वल्ड	३६	१४८,०३०.०	Power socket and E-attendance machine
३०	२०८२-०३-१७	फेन्डसकम्यूनिकेशन	३७८	१५६,४७१.१०	अपाङ्गतथा ज्येष्ठ नागरिक सम्मानका लागि इलेक्ट्रिक कित्तली
३१	२०८२-०३-२३	ड्रिमल्याण्डट्रेडर्स प्रा.लि.	DT/TU/ ३१४४/८१-८२	४१२,९००.०	मो.सा
३२	२०८२-०३-२३	ड्रिमल्याण्डट्रेडर्स प्रा.लि.	DT/TU/ ३१४५/८१-८२	४१२,९००.०	मो.सा
		जम्मा		१०,१२५,६६९.३०	

३० **पुस्तक छपाई खर्च**

३४/२०८२/६३/१७ -पशु शाखाले वार्षिक प्रगति पुस्तिका २० प्रति रु.१३०० का दरले छपाई गरेको भनी पुतली दरबारलाई रु. २९३८०।– भुक्तानी गरेको छ। सो किताबमा कभर ४ कलर प्रिन्ट गरेको साथै विचका पाना फोटोकपी पेपेरमा प्रिन्ट गरी बाईण्डीङ्ग गरेको पाईयो। १८ पाना रहेको सो किताबको छपाई खर्च रु.१३०० का दरले छपाई खर्च भुक्तानी गरेको औचित्यपुर्ण नदेखिएको रु.

अनियमित भएको	२९,३८०

३१ **पार्टिलाई भुक्तानी गर्नुपर्ने**

(२१०/०८१/१२/८) सरकारी कारोबार निर्देशिका, २०७६ बमोजिम कुनै व्यक्ति फर्म वा संस्थालाई खरिद कारोबारको भुक्तानी गर्दा समबन्धित व्यक्ति फर्म वा संस्थाको नाममा चेक काटी वा सोझै बैंक मार्फत जम्मा हुने गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले वडा नं ५ अन्तर्गतको बजेटबाट विद्यालयलाई विभिन्न सामान वितरणको कार्य गरेकोमा श्री सत्य साईं ट्रेड सेन्टरको रु.४०२२८। पार्टी

भुक्तानी हुनुपर्नेमा शंकर रानालाई भुक्तानी भएको देखियो।यसरी कर्मचारीलाई भुक्तानी दिँदा भुक्तानी पाउनुपर्ने व्यक्तिले पाए नपाएको एकिन नहुने जोखिम हुँदा सम्बन्धित व्यक्ति फर्म वा संस्थालाई नै भुक्तानी दिनुपर्दछ।

३२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ।त्यस्तैसार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रकोमाध्यमबाट खरिद गर्ने व्यवस्था छ।त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिकवर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दाबढी सोझै खरिद गर्न नहुने उल्लेख छ।पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालुकिसिमका सामग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्वन नगरीनिम्नानुसार सोझै खरिद गरेको छ।

भौ.नं. /मिति	**विवरण**	**आपुर्तिकर्ता**	**रकम**
४५/०८१/७/९	रजिष्टर फारम , रसिद छपाई (दररेट)	न्यु महालक्ष्मी अपसेट प्रेस	४०९०६०
१७५/०८१/११/१२	रजिष्टर, फारम, ऐन, कार्यविधि	न्यु महालक्ष्मी अपसेट प्रेस	९८०८४
२५३/०८१/१२/२८	हाजिरी रजिष्टर, छाप, कार्यविधि ,कार्ड	न्यु महालक्ष्मी अपसेट प्रेस	९७४५१
४१८/०८२/३/१४	छ पाने भित्ते पात्रो	बागेश्वरी प्रिन्टर्स	९७१८०
१९१/०८१/११/२३	अग्नी नियन्त्रण सम्बन्धि सामान खरिद	पंचदेवी सपलायर्स	२४८७४१
४०२/०८२/३/१३	लागत अनुमान तथा सम्झौता नभएको	स्मार्ट कम्प्युटर वर्ल्ड	१९८५३५
४०३/०८२/३/१३	कम्प्युटर पार्टस खरिद	स्मार्ट कम्प्युटर वर्ल्ड	९६२९३
४०६/०८२/३/१३	कम्प्युटर पार्टस खरिद	साईना कम्प्युटर एण्ड ईलेक्ट्रिक्स	९९५६९
५०६/०८२/३/२४	ईलेक्ट्रिक तथा कम्प्युटर पार्टस्	साईना कम्प्युटर एण्ड ईलेक्ट्रिक्स	७०७९४

३३ **अवलोकन खर्च**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन,२०७६ को दफा २४ (२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उच्चतम गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ । पालिकाले कामसँग असान्दर्भिक भ्रमण कार्य वापत निम्नानुसार अवलोकन भ्रमण वापत रकम खर्च गरेको छ।यसप्रकार भएको भुक्तानी अनियमित भएको रु.

भौ.नं./ मिति	**विवरण**	**रकम**
८४/०८१/८/२५	अध्ययन अवलोकन भ्रमण (वडाका पदाधिकारी तथा कर्मचारी १० जना)	१०००००
३४५/०८२/२/२८	न्यायिक समितिका पदाधिकारिलाइ अन्तरजिल्ला भ्रमण लुहाम सल्यान (लुहाम सल्यान देखी मुगु१७ जना)	२०००००
	जम्मा	३०००००

अनियमित भएको	३,००,०००

३४ **दश शैया अस्पताल निर्माण**

पालिकामा १० शैया अस्पताल भवन निर्माण गर्ने संघीय सरकारको नीति अनुरुप ठेक्का नम्बर ५-७८।७९ बाट निर्माण व्यवसायी हिराचन/एनपी सौभाग्य जेभी(६१६३०९४२९) सँग रु.१३,४९,९५,६१२.०० को ठेक्का सम्झौता मिति २०७९।३।२३ मा भई कार्य सम्पन्न गर्ने अवधि ४ वर्ष अर्थात् २०८३ असार २२ सम्म तोकिएको छ।उक्त सम्झौताको कार्यान्वयन २०८२ आषाढ मसान्तसम्म करिब ७५% अवधि समाप्त हुँदा वित्तीय प्रगति करिब ४६.२४% र भौतिक प्रगति करिब ५७.५०% ले हुने करिब रु.६,५१,५७,९४०.०० रकमको काम भइ हालसम्म चारवटा रनिङ बिलबाट जम्मा भुक्तानी रु.५,८८,८१,८८०.००(मूल्य वृद्धि भुक्तानी समेत) भएको मध्ये यो वर्ष रु.३,८४,२७,८८०.००(मोबिलाईजेसन पेस्की बाँकी बाहेक) भुक्तानी भएको छ।जसमा निम्न अनुसार देखियो।

३४.१ **घटी अवधिको बीमा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **९९,७७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४.२ **मूल्य वृद्धि भुक्तानी-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ उपदफा २ मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाइको कारणबाट सम्झौता बमोजिमको काम सम्पन्न नगरी बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ । निर्माण व्यवसायी र पालिकाबीच भएको ठेक्का सम्झौताको दफा नम्बर GCC ५३.८ मा The price adjustment provision shall not be applicable for delayed period of the contract is not completed in time due to the delay caused by the contractor भनी उल्लेख गरेको छ।चार वर्ष ठेक्का सम्झौता अवधि रहेको उक्त ठेक्कामा २०८२ असाढसम्म करिब ७५% भन्दा बढी समयावधि व्यतीत भइसकेको अवस्थामा भौतिक प्रगति करिब ५७.५० प्रतिशत मात्र भएको र उक्त निर्माण कार्यमा ढिलाई हुनुमा निर्माण व्यवसायीको काबु बाहिरको परिस्थिति सिर्जना भएको देखिन नआएकोले निर्माण व्यवसायीले बिना कारण स्वीकृत कार्यतालिका बमोजिम कार्य नगरेको देखिन्छ।यस अवस्थामा निजलाई मूल्य समायोजन दिन मिल्ने देखिँदैन तर पालिकाले निजलाई प्रथमदेखि तेस्रो रनिङ बिलसम्मको मूल्य समायोजन बापतको रु.१५,५३,८५८.९७(मु.अ.कर बाहेक) भुक्तानी गरेको देखिएको हुँदा उक्त मूल्य समायोजन बापत भुक्तानी दिएको रकम कानुनसम्मत हुने देखिँदैन।सो सम्बन्धमा पालिकाले उक्त भवनको DPR प्रतिवेदनमा केही आइटम दोहोरो पर्न जाँदा डि पि आर मा त्रुटी भएको, सम्झौता अनुसारको कार्य गर्न फिल्डमा कामको Quantity नै नभएको, काम गरे अनुसार समयमै रनिङ्ग बिलको भुक्तानी दिन नसकिएको, कार्य तालिकाको हाल ७५ प्रतिशत कार्य सम्पन्न गरिसकिएको व्यहोरा कार्यालयले छलफलमा जनाएको छ।

३५ **प्रशासकीय भवन निर्माण कार्य**

गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य गर्न ठेक्का नं. १५-०७६/७७ बाट निर्माण व्यवसायी प्राकृतिक - हमाल जे.भि. (६१३३३२५५४) संग सम्झौता अंक रु.५३७,५०,१४२।- को सम्झौता मिति २०७७/३/३० मा भई कार्यसम्पादन गर्ने अवधि २.५ वर्ष अर्थात् २०७९/३/३० सम्म तोकिएकोमा कार्यालयले पटक पटक गरी सात पटक म्याद थप गरी कार्यसम्पन्न गर्ने अवधि २०८२ आश्विन मसान्तसम्म पुर्याईएको छ।यो आर्थिक वर्ष २०८२ को आषाढ सम्म ८०% कार्य गरेको जनाईएकोमा उक्तअवधि सम्म सातवटा रनिङ्ग बिलबाट निजलाई जम्मा रु.४,२५,२४,९८७।- भुक्तानी भएकोमध्ये यो आ.व.२०८१/८२ मा दुईवटा रनिङ्ग बिलबाट रु.१,४३,३९८४५ भुक्तानी भएको छ,जसमा निम्नानुसार देखियो।

३५.१ **भवनको गुणस्तरः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ उपनियम १ (ङ) मा खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्ने उल्लेख छ।त्यसैगरी उपनियम २ सार्वजनिक निकायले निर्माण व्यवसायीको खरिद सम्झौतामा उल्लेखित अधिकारमा प्रतिकूल असर नपर्ने गरी नक्सा स्पेसिफिकेसन र खरिद सम्झौताको सर्त अनुसार सम्झौता कार्यान्वयन भए नभएको सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ। पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौताको बिओक्युमा बीमाशुल्क र प्रयोगशाला थप परीक्षणको शुल्क समेत रु ३ लाख ४५ हजार रकम प्रोभिजनल सममा राखिएको भए तापनि यो आर्थिक वर्षमा निर्माण व्यवसायीलाई भुक्तानी भएको छैन निर्माण व्यवसायीले सम्झौताका शर्त र कानुनअनुसार निर्माण कार्य र जनशक्तिको जोखिम व्यवस्थापन गर्न बीमा गरेको देखिन आएन। सम्झौता र प्रचलित कानुन अनुसार निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको प्रमाण रनिङ बिलहरूको भुक्तानी गर्दा संलग्न हुनुपर्नेमा आंशिक बिलहरूमा मात्र संलग्न गरेको छ। उक्त भवनको स्थलगत निरीक्षण गर्दा भवनको ठूलो क्षेत्रफलखुला रुपमा प्रायोजन विहिन रुपमा रहेको, पालिकालाई चाहिने सभाहल उक्त भवनको हालको क्षेत्रफलमा निकाल्न सकिने अवस्था रहेकोमा समेत एउटा पनि सभाहल नराखिएको, भवनको क्षेत्रफल पर्याप्त रहँदा रहँदै समेत सीमित कोठाहरू रहेबाट पालिकाले प्रवाह गर्ने कार्यबोझलाई पर्याप्त मेल खाने तवरले कोठाहरूको आकार र सङ्ख्या मेल खान सक्ने नदेखिएको आदि जस्ता अवस्था देखिए । साबिक पूर्व निर्धारित पदाधिकारीहरूले उक्त भवनको त्रुटिपूर्ण डि.पि.आर गराई सोही बमोजिम सम्झौता गरी कार्य सुरु भइसकेकोले हालका पदाधिकारी र जिम्मेवार व्यक्तिबाट उक्त त्रुटिहरू देख्दा समेत केही गर्न नसकिएको जवाफ छलफलको क्रममा पालिका पदाधिकारी समेतका जिम्मेवार व्यक्तिबाट प्राप्त भएको छ।यसमा सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।

३५.२ **फरक कार्यमा खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम १० मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमभित्र रही खर्च गर्नुपर्ने र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने प्रमाण संलग्न हुनुपर्ने उल्लेख छ।कभर्ड हल निर्माणको लागि फिल्ड तयार गर्ने भनी पालिकाले स्वीकृत बजेट र कार्यक्रम बमोजिम रु. २४ लाख ९९ हजार २९ को लागत अनुमान स्वीकृत गरी ठेक्का नम्बर ०६-८१।८२ मार्फत निर्माण व्यवसायी भण्डारी कन्स्ट्रक्सन(६०३६१५२८३) सँग रु. १३९९३५२ को ठेक्का सम्झौता मिति २०८२।२।६ मा गरी सम्झौता अवधि २०८२।३।२० सम्म तोकिएको छ।पालिकाले उक्त ठेक्का सम्झौताको कार्य निर्माणाधिन पालिकाको प्रशासकीय भवनको माथिल्लो साईडमा रिटेनिङ सेरवाल लगाई सेरवाल र पालिका भवन बीचको क्षेत्रलाई केहि सम्याउने कार्य गरिएको छ।यसप्रकार गरिएको कार्य निर्माणाधिन प्रसाशकीय भवनको कम्पाउण्ड वालभित्र रहेको र उक्त भवनको निर्माण सम्पन्न नहुँदै कम्पाउण्ड भित्रको क्षेत्रमा गरिएको उक्त कबडहल निर्माणको उद्देश्यभन्दा पनि उक्त भवन निर्माणको थप कार्य भन्न मिल्ने देखिन्छ।उक्त ठेक्कामा निर्माण व्यवसायीलाई गो.भौ.नं २१५ मिति २०८२।३।२४ बाट रु. १३,९०,४२४ भुक्तानी भएको छ यस प्रकार गरिएको कार्यलाई भविष्यमा उक्त क्षेत्रमा कभर्डहल बनाउन उपयुक्त हुने हुँदा सोही बमोजिम लिएको जवाफ पदाधिकारी र पालिकाको रहेको छ।यसमा सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ।यसको फोटो निम्न अनुसार रहेको छ।

कभर्ड हललाइ बहुउद्धेश्यिय सभाहलको रुपमा निर्माण गर्नको लागि पालिका नजिक जग्गा प्राप्ति गर्नको लागि सुचना आह्वान गर्दा पनि कतैबाट जग्गा उपलव्ध नहुदा पालिका भित्र प्रशासकिय भवन निर्माण गर्दा ठेक्का आह्वान नगरिएको अर्थात उक्त स्थानमा ठुलो रुख तथा अनुपयोगी बुट्यान सहितको भिर भएको हुदा पालिकाको क्षेत्र भित्रको जग्गा कटिङ्ग गरी सुरक्षित बनाइ उक्त जग्गामा बहुउद्धेश्यिय सभाहल निर्माण गर्ने कार्यपालिकाको निर्णय बमोजिम ठेक्का आह्वान गरी कार्य गरेको हुदा फरक शिर्षककमा कार्य नभएको व्यहोरा कार्यालयले छलफलमा जनाएको छ।

३५.३ पालिकाले च.नं. ७६० मिति २०७९/९/७ को पत्रबाट विना जानकारी काम स्थगित गरी हालसम्म निमाण कार्य सुचारु नगरेकोले यथाशिघ्र कार्य सञ्चालन गर्न ताकेता पत्र निमाण व्यवसायीलाई दिएको छ। त्यसैगरी च.नं.१८०४ मिति २०८१/२/८ को पत्रबाट तीनपटक सम्म म्याद थप हुँदासम्म नियमित रुपले काम नगरेकाले ऐनको दफा ४९ उपदफा २ (क) दफा ६२ उपदफा ७, ८ आदि बमोजिम कारबाही किन नगर्ने व्यहोरा उल्लेख गरी तीनदिने स्पष्टिकरण पत्र पालिकाले निर्माण व्यबसायीलाई दिएको छ। नेपाल सरकारले सार्वजनिक खरिद नियमावली २०६४ को मिति २०७९/३/२० मा बाह्रौं संशोधन गरी उक्त नियमावलीको नियम १२० (क) उपनियम १ मा निर्माण व्यवसायीले यो नियम लागु भएको २१ दिनभित्र तोकिएको कारण र संशोधित कार्य तालिका सहित म्याद थपको लागि निवेदन दिनुपर्ने, उपनियम ३ मा कार्यालयले २ वटा माईलस्टोन तोकी २०८० आषाढ मसान्त सम्म म्याद थप गर्न सक्ने र तोकिएको माईलस्टोनमा प्रगति नगरेमा नियम १२१ बमोजिम पुर्व निर्धारित क्षतिपुर्ति गर्नुपर्ने र यसरी निवेदन प्राप्त भएको तीस दिनभित्र निर्णय गरिसक्नुपर्ने प्रावधान रहेतापनी उक्त नियमावली संशोधन भएको छ महिना पश्चात् सम्झौताको शुरु अवधिमा ३०% प्रगति हासिल गरेको र मुल्य वृद्धिका कारण तोकिएको अवधिमा कार्यसम्पन्न गर्न नसकेकाले उक्त नियमावलीको बाह्रौं संशोधनको प्रावधान अनुसार म्याद थपगरी पाउँभनी निर्माण व्यवसायीले २०७९/९/१९ मा दिएको निवेदनको आधारमा कायपालिकाले २०८० आषाढसम्म म्याद थप गरेको छ। यस प्रकार गरेको म्याद थपको निर्णयालाई कानुन सम्मत भएको निर्णय भन्न मिल्ने देखिएन।

त्यसैगरी चौंथो पटक म्याद थपको लागि २०८१/९/१२ मा पेश गरेको निवेदनको साथमा दर्ता नं६३२ मिति २०८१/९/२३ को प्रतिबद्धता पत्र अनुरुप अव थप हुने ३ महिना अवधिभित्र काम सम्पन्न नगरेमा प्रचलित कानुन बमोजिम कारवाही व्यहोर्न मन्जुर गरेको भनी प्रतिवद्धता पत्र पेश गरेको छ र उक्त अवधिमा समेत निजले कार्यसम्पन्न गरेको छैन।।उक्त प्रतिबद्धता पत्र अनूरुप काम कारवाहीमा तिब्रता दिई भवन निर्माण कार्य लेखापरीक्षणको अवधिमा सम्पन्न गरेको कार्यालयले जनाएको छ ।आगामि दिनमा ठेक्का व्यवस्थापन कार्यमा पालिकाले विशेष ध्यान दिई निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्छ

३६ **कानुन विपरीत म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को १३औ संशोधनको नियम १२० (क) को उपनियम १ मा उक्त संशोधन भएको मिति २०८०।११।२१ को ३० दिन भित्र तोकिए बमोजिम म्याद थपको लागि निवेदन दिनुपर्ने र उपनियम ३ मा यस प्रकार निवेदन प्राप्त भएको ३० दिन भित्र निर्णयकर्ताले म्याद थपको निर्णय गरिसक्नुपर्ने उल्लेख छ । त्यसैगरी १४ औ संशोधनको नियम १२० (क) को उपनियम १ मा उक्त संशोधन भएको मिति २०८२।०१।१५ को ३० दिन भित्र तोकिए बमोजिम म्याद थपको लागि निवेदन दिनुपर्ने र उपनियम ४ मा यस प्रकार निवेदन प्राप्त भएको ३० दिन भित्र निर्णयकर्ताले म्याद थपको निर्णय गरिसक्नुपर्ने उल्लेख छ । कोलचौर खोला बजार अनिरुद्र हुँदै दाङ जोड्ने सडक निर्माणकार्य ठेक्का नम्बर ०३-८०।८१ को निर्माण व्यवसायी निशान/बिआरजेभिसँग रु. ७६ लाख ८७ हजार सात सय ४७ को ठेक्का सम्झौता मिति २०८०।९।८ मा भई सम्पन्न गर्ने अवधि २०८१।३।३ सम्म राखिएकोमा ४ पटक सम्म म्याद थप गरी कार्य सम्पन्न गर्ने अवधि २०८२ पौष मसान्तसम्म पुर्याइएको छ। निजले प्रथमपटक मिति २०८१।२।२८ मा दोस्रोपटक मिति २०८१।९।२७ मा र तेस्रोपटक मिति २०८१।११।१६ मा र चौथोपटक मिति २०८२।२।२७ मा म्यादथप मागको निवेदन कार्यालयमा पेश गर्दा उक्त नियमावलीको १३ औ संशोधन अनुसार म्याद थप हुनुपर्ने भनी माग गरेको आधारमा कार्यपालिकाले चारपटकसम्म म्याद थप गर्ने निर्णय गरेको छ। यस प्रकार नियमावलीको १३ औ र १४ औ संशोधनमा भएको प्रावधान र सर्त विपरीत गरेको म्याद थपको निर्णयलाई कानुनसम्मत भएको निर्णय भन्न मिल्ने नदेखिदा नियमावलीको नियम १२१ बमोजिम लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति रकम निज निर्माण व्यवसायीबाट असुल गरी म्यादथपको निर्णय हुनुपर्नेमा सो बेगर नै म्यादथपको निर्णय गरेको छ । यसरी कानुनी प्रावधान बिपरित म्याथपको निर्णय गर्ने जिम्मेवार व्यक्तिलाइ कानुन बमोजिम जवाफदेही तुल्याउनु पर्दछ ।

पछिल्लो पटक म्यादथप मागको निवेदन र निर्णयमा १४ औ संशोधन हुनुको सट्टा भुलवश १३ औ संशोधन हुन गएको व्यहोरा कार्यालयले छलफलमा जनाएको छ ।

३७ **उपभोक्ता समितिबाट गराएको काम**

कार्यालयले योवर्ष गरेको पूंजीगत खर्च मध्ये देहाय बमोजिम १०८ उपभोक्ता समितिहरुबाट रु.२,९३,६१,३९९.००को कार्य गराएकोमा रु.३६,१९,२३२.००को कार्य जनसहभागिताबाट गराई बाकी रु.२,५७,४२,१६६.०० पालिकाबाट भुक्तानी भएको बिवरण प्राप्त भएको छ।

विवरण	उपभोक्ता समिति संख्या	लागत अनुमान	सम्झौता रकम	जम्मा भएको काम	लागत/जनसहभागिताबाट भएको	कार्यालयको श्रोतबाट भुक्तानी
उपभोक्ता भएको काम	१०८	२९९९५०९९	२९९९५०९९	२९३६१३९९	३६१९२३२	२५७४२१६६

उक्त कारोवारको नमुना छनौट गरी गरेको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्।

३७.१ **हस्तान्तरण र लगत अद्यावधिकः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र पालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७४ को दफा ३ उपदफा (२), दफा ४ उपदफा (१) खण्ड (ञ) र खण्ड (ट) लगायतका कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने, जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्था छन् ।

स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वियन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उक्त कानुनले तोके बमोजिमको अवस्था पालना गरेको नदेखिएको हुदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ ।

३७.२ **उपभोक्ता समितिबाट वस्तु खरिद** – सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा २ मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा गर्न नहुने र नियमावलीको नियम ८ मा खरिद योजना सम्वन्धी व्यवस्था रहेको छ।नियम २(ट) मा उपभोक्ता समिति भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले कुनै निर्माण कार्यको निर्माण, संचालन, मर्मत संभार गर्नको लागि आफुहरु मध्येबाट गठन गरेको समीति सम्झनु पर्ने तथा नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि अनुसार उपभोक्ता समितिबाट श्रममुलक निर्माण कार्य मात्र गराउन सक्ने देखिन्छ । पालिकाले नियमावली विपरित उपभोक्ता समिति वा लाभग्राही समुहको माध्यमबाट देहाय बमोजिम निर्माण कार्यहरु गराउदा केही कार्य अंश निर्माणको काम र केही कार्य अंश बस्तु खरिदको राखेर उपभोक्ता समिति मार्फत कार्य गराएको देखियो । यसप्रकार धेरै योजनाहरुमा उपभोक्ता समिति मार्फत कार्य गराउदा निर्माण सामाग्री लगायतको बस्तु खरिदमा ठुलो रकम कानुन बाहिर बिना प्रतिस्पर्धा केही सिमित बिक्रेताबाट खरिद हुन गएको छ । जसमा एउटै सामाग्री समेत एउटै वा फरक बिक्रेताबाट फरक योजनामा फरक फरक मुल्यमा आपुर्ति हुन गएको, समग्रमा बस्तु खरिदको ठुलो परिमाणको रकम बिना प्रतिस्पर्धा सोझै र महंगो मुल्यमा उपभोक्ता समितिबाट खरिद हुन पुगेको देखिन्छ । कार्यालयले खरिद कार्यको योजना र प्याकेज बनाउदा मुख्य र ठुलो परिमाणमा खपत हुने निर्माण सामाग्रीको दररेटमा नै बोलपत्रको बिधिबाट स्च्छ प्रतिस्पर्धा गराइ न्युन मुल्य र उच्च गुणस्तर कायम हुने गरी निर्माण सामाग्रीहरुको उपलव्धता हुनेगरी श्रममुलक कार्यहरु मात्र उपभोक्ता समितिबाट कार्य हुनेगरी सम्झौता गराइ कार्य गराउनुको सट्टा केही थोरै कार्य अंश निर्माण कामको र ठुलो अंश बस्तु खरिदको राखेर योजनाको लागत अनुमान स्वीकृत गरेर उपभोक्ता समितिहरुसंग सम्झौता गरी कार्य गराएबाट देहाय बमोजिम उपभोक्ता समितिलाइ भुक्तानी हुदा भुक्तानीको ठुलो अंश बस्तु खरिदको लागी भुक्तानी हुन गएको छ । यसका केही उदाहरण निम्नानुसार छन् । यस प्रकार उपभोक्ता समितिले सम्झौताको ठुलो अंश आ आफै बिना प्रतिस्पर्धा बस्तु खरिद गरेबाट खरिद कार्यमा स्वच्छ प्रतिस्पर्धा हुन नपाइ न्युन गुणस्तर र उच्च मुल्यमा खरिद हुन पुगेको देखिन्छ । यसबाट कार्यालयलाइ थप आर्थिक व्ययभार परेन भन्ने अवस्था समेत देखिन आएन । यसका केहि उदाहरण निम्न छन् ।

गो.भौ. नं./ मिति	कामको विवरण र ऊ.स.	जम्मा काम	भुक्तानी	आपुर्तिकर्ता	विल रकम
१९२/०८२/३/२३	लामि खोलामा कल्भर्ट निर्माण कार्य उ.स.	२६४५४७५	२३७३२२४	रावत सप्लायर्स	९८१६२६
१८९/०८२/३६२२	कारेवा सफा खानेपानी ईन्टेक निर्माण र पाईपलाईन विस्तार उ.स	१११६१४	९४७८२	के.सि. सप्लायर्स	७२१२७
१८४/०८२/३६२२	विभिन्न स्थानम पाईप खरिद उ.स.	२०६६२८	१७४५४०	रावत सप्लायर्स	१५१०५६
१८३/ ०८२/३/२२	वडा कार्यालय जाने बाटो निर्माण र घेराबार उपभोक्ता समिति	८०१७०९	७२०८४०	रावत सप्लायर्स	३२२५३२
१७४/ ८२/३/१९	बजार सिँचाइकुलो निर्माण उपभोक्ता समिति	६२५०००	५८८८७८	डिसी सप्लायर्स	२५८६६१
१७२/०८२/३/१७	सालिबाङ माथिल्लो टोल खानेपानी निर्माण तथा धारा विस्तार उपभोक्ता समिति।	१४० १३२	११७५६७	डिसी सप्लायर्स	९५८५७
१७१/०८२/३/१७	कैन पानी खापा निर्माण उपभोक्ता समिति	१८३१९१	१८३१९१	रावत सप्लायर्स	१२७६७१
१७०/०८२/३/१७	बालकल्याण प्रावी सालीबाङ घेराबार उपभोक्ता समिति।	४७४४४३	४७४४४३	डिसी सप्लायर्स	४०८७४८
१६८/०८२।३।१७	सेता दारदेखि बगालेचौर सिँचाइकुलो निर्माण उपभोक्ता समिति।	३४४०००	३४४०००	केसी सप्लायर्स	२०५१८९
१६७।०८२।३।१४	डाँडा मैने सिंह कुलो मर्मत उपभोक्ता समिति।	१८९५१२	१८९५१२	रावत सप्लायर्स	११८२७६
१३३।०८२।२।२८	गोमने खानेपानी निर्माण उपभोक्ता समिति	९४२५४	९४२५४	डिसी सप्लायर्स	७९१०२
१६०।०८२।३।११	जङ्गे पधेरी खानेपानी टङ्की निर्माण उपभोक्ता समिति	९३३९०	९३३९०	केसी सप्लायर्स	६७६८९
१५९।०८२।३।१०	स्यानी पिपल खानेपानी उपभोक्ता समिति	३७५९४०	३७५९४०	रावत सप्लायर्स	२८०००५
१५१।०८२।३।५	एक छापे खानेपानी मुहान घेराबार र पाइप खरिद उपभोक्ता समिति।	१३९२३९	१३९२३९	रावत सप्लायर्स	१२५३४०
१६४।०८२।३।१३	तीर्थशाला धाम पूर्वाधार निर्माण उपभोक्ता समिति।	९४९१२६	९४९१२६	रावत सप्लायर्स	२९३९००
१६४।०८२।३।१३	तीर्थशाला धाम पूर्वाधार निर्माण उपभोक्ता समिति।	९४९१२६	९४९१२६	केसि सप्लायर्स	७११९०
१४८।०८२।३।५	बाडाखोला खानेपानी उपभोक्ता समिति	१८८६४२	१८८६४२	रावत सप्लायर्स	१६२१२३
१४७।०८२।३।५	दलसिङ्गे सागिनी खानेपानी निर्माण उपभोक्ता समिति।	८८५४८	८८५४८	डिसी सप्लायर्स	६४३८८
४४।०८२।३।१	दारेखोला सिंचाई कुलो निर्माण उपभोक्ता समिति।	२८४२४०	२८४२४०	त्रिशक्ति ट्रेडर्स	१९४१७५
१३०।०८२।२।२६	ढोरपानी खानेपानी निर्माण उपभोक्ता समिति	३९७९२२	३९७९२२	डिसी सप्लायर्स	३९७९२२
१२९।०८२।२।२६	स्वास्थ्य चौकी घेराबार उपभोक्ता समिति	६६१७५६	६६१७५६	डिसी सप्लायर्स	४३९३९९
१२९।०८२।२।२६	स्वास्थ्य चौकी घेराबार उपभोक्ता समिति	६६१७५६	६६१७५६	त्रिशक्ति ट्रेडर्स	५२८१९
१२७।०८२।२।२६	खोरखोला सिँचाइ कुलो निर्माण उपभोक्ता समिति।	१८९१५४	१८९१५४	सनसाइन हार्डवेयर एण्ड सप्लायर्स	९४७५२
१२२।०८२।२।२०	कलमा रुख खानेपानी मर्मत उपभोक्ता समिति।	९४७१८	९४७१८	रावत सप्लायर्स	६४७१७
१२१।०८२।२।१९	सिम सिँचाई कुलो निर्माण उपभोक्ता समिति।	१६६१०३८	१६६०३८	रावत सप्लायर्स	६८२८६
१२०।०८२।२।१९	डाँडा लुहामसिँचाइ निर्माण उपभोक्ता समिति।	१४८२१२	१४८२१२	रावत सप्लायर्स	६८२८६

११८।०८२।२।१८	सरस्वती प्रावी कालाचौर घेराबाद निर्माण उपभोक्ता समिति।	३७४२१०	२५९८३३	डिसी सप्लायर्स	२५९८३३
११७।०८२।२।१८	सिमखोला सिचाई कुलो निर्माण उपभोक्ता समिति	१४०९११	१४०९११	केसी सप्लायर्स	७५३४४
११५।०८२।२।१३	पञ्चमूल पोखरी पथमार्ग उपभोक्ता समिति	२५७६२८	२५७६२८	रावत सप्लायर्स	१२४८१८
११४।०८२।२।१२	जेलकाँडामा खानेपानी उपभोक्ता समिति	९२३६२	९२३६२	केसी सप्लायर्स	६७९२८
११३।०८२।२।१२	गौरी कटेरी शिवमन्दिर रङ्गरोगन तथा घेराबार निर्माण उपभोक्ता समिति।	२३६७६६	२३६७६६	डिसी सप्लायर्स	८६३०६
११२।०८२।२।१२	अलैची बारी सिमला रुख सिँचाइ कुलो निर्माण उपभोक्ता समिति।	९४७४७	९४७४७	डिसी सप्लायर्स	५७३४७
१११।०८२।२।१२	बाहुने मूल तल्लो सिचाई कुलो निर्माण उपभोक्ता समिति।	९४३७७	९४३७७	रावत सप्लायर्स	५४७९८
११०।०८२।२।१२	लाकुरी खानेपानी टङ्की निर्माण उपभोक्ता समिति।	७५४६३	७५४६३	केसी सप्लायर्स	५०३०९
१०९।०८२।२।१२	खोला धनथाना सिँचाइकुलो निर्माण उपभोक्ता समिति।	१८३३४२	१८३३४२	केसी सप्लायर्स	९३१९२
१०८।०८२।२।११	लक्ष्मी प्रावी डाँडा सल्लो भवन निर्माण उपभोक्ता समिति	१४१२४७३४	१४२४७३४	रावत सप्लायर्स	६०५६८५
१०८।०८२।२।११	लक्ष्मी प्रावी डाँडा सल्लो भवन निर्माण उपभोक्ता समिति	१४१२४७३४	१४२४७३४	कञ्चन काष्ठ उद्योग	६०००३
१०८।०८२।२।११	लक्ष्मी प्रावी डाँडा सल्लो भवन निर्माण उपभोक्ता समिति	१४१२४७३४	१४२४७३४	जय महालक्ष्मी / फिक्स इट्टा उद्योग	१५८८९५
१०६।०८२।२।८	दोधारे काफल सिंचाई कुलो निर्माण उपभोक्ता समिति	६६३३०	६६३३०	डिसी सप्लायर्स	४२५८२
१०५।०८२।२।८	चौखे खोला सिँचाइ कुलो निर्माण उपभोक्ता समिति	६६१५३	६६१५३	केसी सप्लायर्स	३९७२७
१०३।०८२।२।६	खरिबोट तल्लो गौरी कटेरी खानेपानी निर्माण उपभोक्ता समिति।	८५२१४	८५२१४	डिसी सप्लायर्स	६४०५९
१००।०८२।१।३०	अस्कले सिँचाइ कुलो निर्माण उपभोक्ता समिति।	१४१८९०	१४१८९०	डिसी सप्लायर्स	९०४२२
९९।०८२।१।३०	कोष पिपल मार्ने पालावाङ मोटरबाट निर्माण उपभोक्ता समिति।	४७४६१६	४७४६१६	रावत सप्लायर्स	२५९३९२
९९।०८२।१।३०	कोष पिपल मार्ने पालावाङ मोटरबाट निर्माण उपभोक्ता समिति।	४७४६१६	४७४६१६	भुवनेश्वरी ह्युमपाईप उ.स.	२५९३९२
९८।०८२।१।३०	घोडा मारे मुख्य शाखा सिँचाइ कुलो निर्माण उपभोक्ता समिति।	१४२२३०	१४२२३०	डिसि सप्लायर्स	१४२२३०
९६।०८२।१।२३	बाँसेखोलादेखि शीतल बजारसम्म सिचाई कुलो निर्माण उपभोक्ता समिति।	१३३९८६	१३३९८६	डिसी सप्लायर्स	५३९०६
९५।०८२।१।१३	अनुग्रह एजी मण्डली घेराबाद निर्माण उपभोक्ता समिति	७०८२३	७०८२३	डिसी सप्लायर्स	५७१९४
९५।०८२।१।१३	अनुग्रह एजी मण्डली घेराबाद निर्माण उपभोक्ता समिति	७०८२३	७०८२३	त्रिशक्ति ट्रेडर्स	२९०००
९२।०८२।१।२२	ढाँटी खोरिया सिँचाइ कुलो निर्माण उपभोक्ता समिति	२०६०४१	२०६०४१	रावत सप्लायर्स	१०६१६३
९१।०८२।१।२२	दलेली तथा सिमोनी खानेपानी निर्माण उपभोक्ता समिति।	३७७१६०	३७७१६०	रावत सप्लायर्स	२७५१९०
८९।०८२।१।२२	क्रिश्चियन मृत्युदफन घेराबार समिति	१३५८२७	१३५८२७	त्रिशक्ति ट्रेडर्स	३४७०९

८९।०८२।१।२२	क्रिश्चियन मृत्यु दफन घेराबार उपभोक्ता समिति।	१३५८२७	१३५८२७	डिसी सप्लायर्स	९६८१६
८६।०८२।१।१४	Panchamu marotl सिचाई कुलो निर्माण उपभोक्ता समिति	१९०१४५	१९०१४५	रावत सप्लायर्स	८९५२७
८५।०८२।१।११	हुरो खेतदेखि मानाखेत सिँचाइ कुलो निर्माण उपभोक्ता समिति।	१८९७४३	१८९७४३	डिसी सप्लायर्स	७२२४६
८४।०८१।१।१०	खोलिखेत तथा माथिल्लो झर्नेखोला सिँचाइ कुलो निर्माण उपभोक्ता समिति।	१९१५९४	१९१५९४	रावत सप्लायर्स	१०७६६५
८३।०८१।१।९	बेलायती रुख ढाँट्ने सिँचाइकुलो निर्माण उपभोक्ता समिति।	१४०३३६	१४०३३६	रावत सप्लायर्स	१०७६६५
८२।०८२।१।९	लोटावने टाट्के सिँचाइ कुलो निर्माण उपभोक्ता समिति	२३६७८५	२३६७८५	शारदा ट्रेडर्स	१२०००
				शारदाइन्टरप्राइजेज	१९६४२
				डिसी सप्लायर्स	९१२५८
८१।०८२।१।८	त्रिवेणी मावि सरिकोट घेराबार निर्माण उपभोक्ता समिति	९४२५६२	९४२५६२	जय खैरावान	१९०३२०
				हार्डवेयर प्रश्ली	३८४८७
				रावत सप्लायर्स	३८४८७
				शारदा इन्टरप्राइजेस	१२९०३५
				सिद्धार्थ हार्डवेयर एण्ड सप्लायर्स	३३२९९२
८०।०८२।१।८	फलाटे सिँचाइ कुलो निर्माण उपभोक्ता समिति	१८९८३२	१८९८३२	डिसी सप्लायर्स	१५४५३२
७९।०८२।१।७	ठिन्ता रुख सिँचाइकुलो निर्माण उपभोक्ता समिति।	१४२०२९	१४२०२९	रावत सप्लायर्स	७३७२२
७८।०८२।१।५	लामा फुला सिँचाइकुलो निर्माण उपभोक्ता समिति	२८४८०२	२८४८०२	डिसी सप्लायर्स	१८९५१७
७६।०८१।१२।२८	बानेखोला खानेपानी टङ्की निर्माण उपभोक्ता समिति।	२८२९९१	२८२९९१	रावत सप्लायर्स	२१४२९३
६६।०८२।१२।२०	बाहुनी मूलखरिया रुख सिचाई कुलो निर्माण उपभोक्ता समिति।	१४१५२५	१४१५२५	रावत सप्लायर्स	६६५७३
६५।०८१।१२।२०	पिकनिक स्पट शौचालय र धारा निर्माण उपभोक्ता समिति	१३८३१८	१३८३१८	रावत सप्लायर्स	८०१९९
६४।०८१।१२।२०	पुरानो दरबार खानेपानी तथा शौचालय निर्माण उपभोक्ता समिति	५६९९९३	४६९९९३	रावत सप्लायर्स	२०२९८७
				Sidda Binayak furniture udyog	१९०००
६३।०८१।१२।१९	शिव पार्वती मन्दिरमा थप संरचना निर्माण उपभोक्ता समिति।	९४८५१	९४८५१	रावत सप्लायर्स	३०३९७
६२।०८१।१२।१९	छहरे खोला सिचाईकुलो निर्माण उपभोक्ता समिति।	१४१९४८	१४१९४८	डिसी सप्लायर्स	७७८७७
६१।०८१।१२१७	जामुना रुख सिँचाइकुलो निर्माण उपभोक्ता समिति	९४७४२	९४७४२	रावत सप्लायर्स	४५४७२
६०।०८१।१२।१७	ईर्जा खानेपानी ट्याङ्की निर्माण उपभोक्ता समिति	९४९१३	९४९१३	रावत सप्लायर्स	७१८८३
५३।०८१।१२।७	दारिन जिउला पाखेखेत सिँचाई कुलो निर्माण उपभोक्ता समिति	१६५८५२	१६५८५२	न्यूउत्तम खड्का	९१२८१

५०।०८१।१२।६	माथिल्लो अनै सिँचाइ कुलो निर्माण उपभोक्ता समिति	२८५८८६	२८५८८६	रावत सप्लायर्स	१५९३६३
४९।०८१।१२।६	खरी रुख सिँचाइ कुलो निर्माण उपभोक्ता समिति	९२८१८	९२८१८	रावत सप्लायर्स	४६३१५
४८।०८१।१२।६	टुनी बोट खानेपानी टङ्की निर्माण उपभोक्ता समिति	९३८४६	९३८४६	रावत सप्लायर्स	६६०६२
४७।०८१।१२।३	तल्लोउल्टे सिँचाइ कुलनिर्माण उपभोक्ता समिति	१८९७७८	१८९७७८	शारदा इन्टरप्राइजेस	४५८८३
४५।०८१।११।२२	माजाखेत सिँचाइकल निर्माण उपभोक्ता समिति	९३८१७	९३८१७	रावत सप्लायर्स	५६४७४
४४।०८१।११।२०	पिमखोला पाउलेमाना सिँचाइकुलो निर्माण उपभोक्ता समिति	१४२०७२	१४२०७२	शारदा Enterprises	३४९११
४३।०८१।११।२०	भजने तथा बानै सिँचाइकुलो निर्माण उपभोक्ता समिति	३७८१०९	३७८१०९	रावत सप्लायर्स	१८४५९४
४२।०८१।११।१९	गाउँघर क्लिनिकको शौचालय निर्माण उपभोक्ता समिति।	९४१८४	९४१८४	रावत सप्लायर्स	३१७३४
४१।०८१।११।१९	विभिन्न स्थानमा तटबन्ध निर्माण उपभोक्ता समिति।	१८९६१५	१८९६१५	रावत सप्लायर्स	८५६७८
४०।०८१।११।१९	हरियाली मौरीपालन उद्योगमा टंकी निर्माण उपभोक्ता समिति।	१९१६४०	१९१६४०	रावत सप्लायर्स	२०१०७८
३९।०८१।११।१३	वडाका विभिन्न मन्दिर तथा मूर्ति निर्माण उपभोक्ता समिति।	९३८४०	९३८४०	रावत सप्लायर्स	४४२३८
३८।०८१।११।११	भित्री चौरासी सिँचाइकुलो निर्माण उपभोक्ता समिति	१३७९००	१३७९००	रावत सप्लायर्स	६७०२४
३७।०८१।११।११	पैया खोली कुमादेखेत तटबन्द निर्माण उपभोक्ता समिति।	३८३०२९	३८३०२९	रावत सप्लायर्स	२२५१८०
३६।०८१।११।५	बाँसटारी सिँचाइ कुलो निर्माण र मर्मत उपभोक्ता समिति।	१८९८२९	१८९८२९	रावत सप्लायर्स	८०२७८
३५।०८१।१०।३०	पोखरी पिउँला पातीहाल्नमा प्रतिक्षालय निर्माण उपभोक्ता समिति।	४१६३७	४१६३७	रावत सप्लायर्स	५३७५७
३२।०८१।१०।२८	गिमिरकोट सिँचाइ कुलो निर्माण उपभोक्ता समिति	२८४८११	२८४८११	रावत सप्लायर्स	१३४४५९

३७.३ **अनुगमन समिति** - नगरपालिका उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी सबै बिकास योजनाको अनुगमन गरेर प्रतिवेदन दिनुपर्नेमा सो बमोजिमा प्रतिवेदन नगरी रु ५ लाख भन्दा बढी खर्च भएका योजनाको हकमा नगरपालिका स्तरिय अनुगमन समितिले र सो भन्दा घटी खर्च भएका योजनाको हकमा वडास्तरिय अनुगमन समितिले मात्र एक निश्चित फारममा समितिका सदस्यले हस्ताक्षर गरेर पेश गर्ने गरेको छ । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा आश्वस्त हुनेगरी नगरपालिका स्तरिय अनुगमन समितिले सिफारिस गरे पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

३७.४ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा केहीमा फोटाहरु संलग्न राख्ने र उपभोक्ता समितिको सिफारिस तथा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । केहीमा फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिन आएन । त्यसैगरी सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा अधिकाशं सिफारिसमा सो बमोजिम नगरी बजेट अनुरुपको कार्य सम्पन्न भएकोले भुक्तानीको लागी सिफारिस गर्दछु भन्ने भाषाको सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भनि आश्वस्थता हुने आधार कमजोर रहेको छ ।

३७.५

जनश्रमदान र लागत सहभागिता - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। नगर सभाले उपभोक्ता वा लाभग्राही समुहबाट गराउने कार्यमा न्युनतम १० प्रतिशत जनसहभागिता जुटाउनु पर्ने निर्णय गरेको जनाइएको छ । कार्यालयले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता वा जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित कार्यालयको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिता र लागत सहभागिताको अंश बृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गूर्नु पर्दछ ।

३७.६ **तेस्रो पक्षबाट कार्य गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १० अनुसार उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको पाइयो । आफैले नगरी तेस्रो पक्षबाट गराएबाट नियम बमोजिम उपभोक्ता समितिलाई कालो सुचीमा राख्नुपर्नेमा सो बमोजिम गरेको देखिन आएन ।

गो.भौ.नं. र मिति	कामको विवरण र उपभोक्ता समिति	जम्मा काम	भुक्तानी	तेस्रो पक्ष	तेस्रो पक्षको काम
२०९।०८२।३। २४	वाजथान मोटरबाटो निर्माण उस	९६४२३	८६७८४	युनाईटेड निर्माण सेवा	६६६००
१८१।०८२।३। २२	जनसहयोग प्रा.वि बेलडाडा फिल्ड निर्माण उस	३१५९८७	२८४३५०	निरज एण्ड दिपसन निर्माण सेवा(मेसिन प्रयोग)	१०६२२१

३७.७ **सरकारी भवन उपभोक्ता समितिबाट निर्माण** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९७(१) मा एक करोड रुपैया सम्मको लागत अनुमान भएका निर्माण कार्य वा सो सम्वन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन वा प्राप्त गर्न सकिनेछ भन्ने उल्लेख छ । पालिकाबाट उपरोक्त प्रावधान विपरित चरिकोट स्वास्थ्य चोकीको बर्थिङ सेन्टरको मर्मत कार्य उपभोक्ता समिति मार्फत गराएको देखियो ।ऐनमा भएको प्रावधानको पालना गरिनुपर्दछ ।यसको उदाहरण निम्न छन् ।

गो.भौ.नं र मिति	कामको विवरण	भुक्तानी रकम
२१९।०८२।३।२५	चरिकोट स्वास्थ्य चौकीको बर्थिङ् सेन्टर मर्मत कार्य उपभोक्त समिति	४४७५४८

३७.८ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गरेका सबै कार्यहरुमा र निर्माण व्यवसायी मार्फत गराइएका केहि निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

३७.९ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । अधिकांश कार्य सडक निर्माण तथा मर्मत गर्ने कार्यहरु गरेको भएतापनि, भवन निर्माण, खानेपानी तथा कृषि तथा पशु विकास लगायतका कार्य गरेको छ। यस्ता कार्यको सार्वजनिक सुनवाई गरेको जनाएता पनि सार्वजानिक सुनुवाई बिस्तृत रुपमा नगरी तोकिएको फारम भरेर केही सिमित व्यक्तिको न्युन उपस्थिती रहने गरेको, आंशिक कार्यहरुमा खर्चको सार्वजनिकीकरण भनि माइन्युटमा लेखी राख्ने गरेको, फाइलमा राख्ने

प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो।त्यसैले सार्वजनिक सुनुवाईको विश्वसनीयता देखिदैन। कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ।

त्यसैगरी समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु कानुनमा तोकिए बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन।एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ।एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन आएन।यस सम्वन्धमा कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ।

३७.१० **जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भइ तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने तेस्रो पक्षबाट गराउन नपाइने उल्लेख रहेको छ । तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने उल्लेख रहेको छ । उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरु उपभोक्ता समिति आफैले नगरी तेस्रो पक्ष मार्फत गराउने गरेको व्यहोरा खर्चका बिलभर्पाइहरुबाट देखिन आयो ।पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ कार्य गराउन उपयुक्त हुने देखिन्छ ।

३८ सोझै दरभाउपत्रबाट निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (२) मा खरिद गर्दा टुक्रा टुक्रा पारेर खरिद गर्न नहुने र नियमाली, २०६४ को नियम ८४ मा रु. १० लाख देखि २० लाख सम्मको लागत अनुमान भएको निर्मा०ण कार्य सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ८ मा खरिदको योजना बनाउनु पर्ने तथा उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ । पालिकाले देहाय बमोजिमका निर्माण कार्य गर्दा एकमुष्ठ प्याकेज बनाइ उक्त कानुन अनुसारशिल्डबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमबाट खरिद नगरी बजेट तथा कार्यक्रम बनाउदा नै स साना टुक्रा बनाइ ३ वटा सोझै दररेट लिएर विभिन्न निर्माण व्यवसायिबाट सोझैकार्य गरी रु.१०४७१७३९।भुक्तानी गरेको नियमसंगत देखिएन ।यस प्रकार गरिएको निर्माण कार्यमा पालिकाले निर्माण कार्यको प्याकेज बनाइ कानुन अनुसार शिल्डबन्दी दरभाउपत्र वा वोलपत्रको माध्यमबाट थप प्रतिस्पर्धा गराइ गर्नुपर्नेमा सो बमोजिम नगरी प्रत्येकसंग ३ वटासंग सोझै र खुला दररेट लिइ खरिद गरेबाट न्युन प्रतिस्पर्धा हुनुको साथै कानुनको पालना हुन सकेको पाइएन ।

गो.भौ.नं. /मिति	कामको विवरण	निर्माण व्यवसायी	लागत अनुमान	घटी प्रतिशत	सम्झौता रकम रु.	काम र भूक्तानी रु.
२६/२०८२/३/२४	वडा नं १ जनता मा.वि मर्मत कार्य	मा दुर्गा बिल्डर्स	९६४७६६	०.२२	९६२८८५	९५९०७१
२२१/२०८२/३/२५	वडा नं २ वडास्तरीय खेलकुद मैदान निर्माण	अमर एण्ड दिपप निर्माण सेवा	९४९९२	०	९४९९२	७०६५९
२२०/२०८२/३/२५	लुहाम बाहुने मुल ढोरचौर सडक मर्मत	श्री खैरावाङ् कन्स्ट्रक्सन प्रा. लि.	-	-	-	४९६५५
२१६/२०८२/३/२४	वडा नं २ कार्यालय भवन फिल्ड निर्माण र शंखपोपल ज्यामिरे सडक निर्माण	स्वर्णिम स्वस्तिक कन्स्ट्रक्सन एण्ड सप्लयायर्स	७६६०४०	०.०४	७६५७२२	७६५७२२
२००/२०८२/३/२४	चरिङ्गे मुल कजवे निर्माण	विष्णु नि. सेवा	९९९१०४	०.१९	९९७२०३	९९६९२१
१९४/२०८२/३/२३	वड नं ५ को कार्यालयमा वायरिङ्ग	फेन्स क्म्युनिकेशन	४९११५	०	०	४९११५
१६६/२०८२/३/१४	सोलार बत्तीका सामाग्री खरिद र जडान	मेघराज कन्स्ट्रक्शन एनर्जी एण्ड सप्लयायर्स	३८८६०७	१.८६	३८१३७५	३६८९६०
७५/२०८१/१२/२८	ढुङ्गी बजार पिङ्लोला सडक निर्माण	लक्ष्मी कन्स्ट्रक्सन	९९७५९२	०.०९	९९६६३८	९५५३६५
२८/२०८१/१०/१३	वडा नं ५ लामि खोला जाने बाटोमा पर्खाल निर्माण	कोशेढुङ्गा कन्स्ट्रक्सन	९९९०९७	०.३५	९९५६२३	९५९५२७
२६/२०८१/९/२८	पुजा पोखरी गैह्री कटेरी मोटरबाटो निर्माण	पोखरेली निर्माण सेवा	९५७५७५	०.१०	९५५६५५	९५४०४८
१९/२०८१/९/२५	वडा नं १ का विभीन्न मोटर बाटाहरु मर्मत	निरज एण्ड दिप्सन निर्माण सेवा	९६५२९९	०.२०	९६३६१०	९५९३०४
१५/२०८१/९/११	वडा नं २ का विभीन्न मोटर बाटाहरु मर्मत	अमर एण्ड दिप निर्माण सेवा	३९४१७३	०.५२	३९२१५३	३८६८२१
१२/२०८१/८/२५	वडा नं ३ का विभीन्न मोटर बाटाहरु मर्मत	प्रगतिशिला नि. से.	९६५४७८	०.१४	९६२५९१	७०००००
९/२०८१/८/१८	वडा नं ४ का विभीन्न मोटर बाटाहरु मर्मत	युनाईटेड निर्माण सेवा	९६५५९०	०.११	९६२९५२	९६२००४
६/२०८१/८/७	वडा नं ५ का विभीन्न मोटर बाटाहरु मर्मत	कोशेढुङ्गा कन्स्ट्रक्सन प्रा. लि.	७०१७५४	०.४१	६९८९०८	६९१८०१
४/२०८१/८/५	वडा नं ६ का विभीन्न मोटर बाटाहरु मर्मत	सौभाग्य निर्माण सेवा	४८२६०४	०.२१	४८०८०६	३४९१०६
७/२०८१/८/१०	फालावाङ् देखि कपुरकोट जोड्ने सडक खण्डमा कालाखोलामा सडक मर्मत कार्य	उपभोक्ता समिति	३४६१५४	०	३४६१५४	२९३६६०

जम्मा			११०३७९४०		१०९५७२६७	१०४७१७३९

३९ **प्राविधिक पुस्ट्याई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम १० मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमभित्र रही खर्च गर्नुपर्ने र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने प्रमाण संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्षको अन्त्यतिर विभिन्न साइजको hdpe पाइप ४६२०।४५ केजी खरिद गर्न विद्युतीय सिलबन्दी दरभाउ पत्रको विधिबाट लागत अनुमान भन्दा २४.०८ प्रतिशतघटी दरमा ठेक्का व्यवस्थापनबाट आपूर्तिकर्ता देव प्लास्टिक इन्डस्ट्रीज मार्फत २०८२।३।१ मा सम्झौता गरी २०८२।३।२० मा रु. १०,९०,०१० रकमको पाइप खरिद गरी गो.भौ.नं १९७ मिति २०८२।३।२४ बाट भुक्तानी गरेको छ । उक्त पाइपको लेखा परीक्षण अवधि २०८२।५।२१ सम्म ८५०.३९ केजी सिमित योजनामा प्रयोग भएको जनाई सोको नापी किताब पेश हुन आयो सो बाहेक ३७७०.०६ पाईप केजी प्रयोग नआई मौज्दात बाँकी रहेको देखिएकोले सो पाईप सम्बन्धित योजनाहरुमा प्रयोग गरी सो को प्राविधिक पुष्ट्याई समेतको नापी किताब पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८,८९,३९८

४० **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र १२० (क) मा ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा विभिन्न प्रावधानहरू उल्लेख रहेका छन् । कोलचौर खोला अनिरुद्ध हुँदै दाङ जोड्ने सडक निर्माण कार्य ठेक्का नम्बर ०५-८१/८२ का निर्माण व्यवसायी विवेक विशाल कन्स्ट्रक्सन प्रालीसँग रु. १०९९१८१५ को ठेक्का सम्झौता मिति २०८२।१।३० मा गरी कार्यसम्पन्न गर्ने अवधि २०८२।३।२० सम्म तोकिएकोमा प्रथमपटक ३०० प्रतिशत म्याद थप गरी कार्यसम्पन्न गर्ने अवधि २०८२ पौष मसान्तसम्म पुर्‍याइएको छ । बर्खा र छोटो ठेक्का अवधि भएको कारण जनाई निर्माण व्यवसायीले मिति २०८२।३।१७ र २७ गते म्याद थपको लागि पेश गरेको निवेदनको आधारमा कार्यपालिकाले २०८२ पौष सम्म म्याद थप गर्न निर्णय गरेको छ। उक्त नियम १२० अनुसार सम्झौता बमोजिमको तोकिएको म्याद सकिनु २१ दिन अगाबै तोकिएको बमोजिम म्याद थपको लागि निवेदन पेश गर्नुपर्नेमा पेश गरेको छैन। त्यसैगरी १४ औ संशोधनको नियम १२० (क) अनुसार २०८२।१।१५ देखि ३० दिनभित्र तोकीएबमोजिम म्याद थपको लागि निवेदन दिनुपर्नेमा सो समेत देखिएन । वर्षाको कारण भनिएकोमा नेपालमा नियमित वर्षायाममा हुने वर्षा पूर्वानुमान भएको विषय र छोटो अवधिको सम्झौता म्यादका कायम गरेको सम्बन्धमा निर्माण व्यवसायीले सम्झौता गर्दा पेश गरेको कार्यतालिका बमोजिम कायम रहेको अवधिलाई नै सम्झौता कायम गरिने हुँदा उक्त विषयहरूलाई उक्त नियम १२० अनुसार निर्माण व्यवसायको काबु बाहिरको परिस्थिति भएको भन्न मिल्ने देखिएन । तसर्थ उक्त थप गरेको अवधिको नियम १२१ बमोजिम लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति रकम निज निर्माण व्यवसायीबाट असुल गरी म्यादथपको निर्णय हुनुपर्नेमा सो बेगर नै म्यादथपको निर्णय गरेको छ । बजेट कटौतीको कारण ठेक्का व्यवस्थापन गर्दा नै ढिला हुन गएको र आर सि सि को काम बर्षामा गराउदा गुणस्तर नहुने हुदा पालिकाले नै सो अवधिमा गर्नबाट रोक लगाएको हुदा १४ औ संशोधन अनुसार म्यादथपको निर्णय गरिएको व्यहोरा कार्यालयले छलफलमा जनाएको छ ।

४१ **फिल्ड भत्ता**

नेपालको संविधानको धारा २२७ मा स्थानीय गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी प्रदेश कानून बमोजिम हुने र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय तहमा स्थानीय सेवाको गठन, संचालन, सेवा, शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने उल्लेख छ। यस वर्ष सम्म कर्णाली प्रदेशमा स्थानीय तहको कर्मचारीको सेवा, शर्त तथा सुविधा सम्बन्धी कानुन बनेर लागु भएको अवस्था छैन। तर पालिकाले प्राविधिक कर्मचारीहरुलाई तलब स्केलकोअधिकृत तहलाइ ३५ प्रतिशत र सहायक तहका कर्मचारीलाइ ३० प्रतिशतका दरले फिल्ड भत्ता भुक्तानी गरी यस वर्ष निम्नानुसार रु. १०,४२,५५४।० खर्च गरेको छ। प्रदेश सरकारले कर्मचारीको सेवासुविधा सम्बन्धी कानुनसमेत नबनाएको र पालिकाको आफ्नै आन्तरिक आम्दानी समेत कमजोर रहेको अवस्थामा पालिकाले भुक्तानी गरेको रकमबाट कार्यालयलाइ थपव्ययभार पर्न गएको छ ।

सि.नं	गो.भौ.नं र मिति	कर्मचारी विवरण	अवधि	भुक्तानी
१	२१३।०८२।३।२४	ईन्जिनियर १ जना सई ३ जना र असई ४ जना समेत ८ जना	चैत्र बाट अषाढसम्म	३४७१३६
२	११९।०८२।२।१८	असिस्टेन्ट सब ईन्जिनियर १ जना	असोज देखि चैत्रसम्म	६९०९४
२	७७।०८२।१।२	सब ईन्जिनियर १ जना	असोज देखि चैत्रसम्म	७२९३३
४	६८।०८१।१२।२१	ईन्जिनियर १ जना सई २ जना र असई ४ जना र खापासटे १जना समेत ८ जना	असोज देखि फागुन	४९३३९१
५	१८।०८२।३।२४	सब ईन्जियर १ असई १ जना गरि २ जना	वैशाख देखि अषाढसम्म	६००००
जम्मा				१०,४२,५५४

प्राविधिक कर्मचारीलाइ आयोजनाको समय समयमा अनुगमन, मूल्याङ्कन तथा अतिरिक्त समयमा समेत काम गर्न प्रोत्साहन गर्न र आयोजनामा गुणात्मक्ता कायम गर्न प्राविधिक कर्मचारीलाइ प्रोत्साहन भत्ता दिइ उत्प्रेरित गराउन प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्वन्धी कार्यबिधि, २०८१ अनुसार दिइएको व्यहोरा कार्यालयले छलफलमा जनाएको छ ।

४२ **पेश्की जोखिममा**

सार्वजनिक खरिद २०६४ को नियम ११३ मा मोबिलाइजेसन पेस्की र बैंक जमानत आदि सम्बन्धी प्रावधानहरू रहेका छन्।पालिकाले निम्न अनुसारका निर्माण व्यवसायीलाई उपलब्ध गराएको मोबिलाइजेसन पेस्की बाँकी रकमको बैंक जमानतको मान्य अवधि लेखा परीक्षण अवधिमा समाप्त भई पेस्की बाकी रकम जोखिममा परेको देखिन आयो । यसरी जोखिममा पर्न गएको पेस्की बाँकी रकमको यथासिघ्र बैंक जमानतको मान्य अवधि थप गरेर पेस्की जोखिमलाई व्यवस्थापन गर्नुपर्दछ

ठेक्का नं.	निर्माण व्यवसायी	पेश्की बाँकी रकम	बैंक जमानतको मान्य अवधि
०३/०८०/०८१	निशान वि. आर. जे.भी.	रु.६,८०,०००।-	२०२५ फेब्रुअरी१२
०५/०८१/८२	विवेक- विशाल कन्स्ट्रक्शन प्रा. लि.	रु.९,७३,०००।-	२०८२/३/३० सम्म

४३ **न्यून विद्यार्थी संख्या भएका विद्यालय**

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ।सोहीनियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरु उल्लेख गरेको छ।यस पालिका मातहतमा सामुदायिक विद्यालयको संख्या २८ रहेको र यो वर्ष उक्त विद्यालयहरुलाई यस पालिकाबाट जम्मा रु.१०,६८,९६,०५७.०० निकासा दिइएको विवरण प्राप्त भएको छ।उक्त विवरण अनुसार ११ विद्यालयहरुमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको व्यहोरा देखिन आयो।तसर्थ न्यून विद्यार्थी संख्या रहेका विद्यालयहरुलाई उपरोक्त कानून कमोजिम एक आपसमा गाभी विद्यालय व्यवस्थापनलाई चुस्त, प्रभावकारी र मितव्ययी तुल्याउने तर्फ पालिकाले ध्यान दिएको नदेखिदा सम्बन्धित निकाय तथा पदाधिकारीको ध्यान गई कानून बमोजिम गर्नुपर्ने देखिन्छ।प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत बिद्यालय संख्या, विद्यार्थी संख्यार विद्यालयमा वार्षिक निकासा रकमको विवरण यस प्रकार छः

सि.नं.	विद्यालयको नाम र ठेगाना	संचालित कक्षा	विद्यार्थिको संख्या	शिक्षक संख्या		
				स्थायी	अस्थायी, करार र ज्यालादारी	यो वर्ष कुल निकासा रु.
१	सिद्दगुफा प्रा.वि खज्जर	१-५	२५	०	३	१२९५९७५
२	सरस्वतीप्रा.वि कोल्चौर	१-५	५७	२	३	२४९९८७८
३	जनतामाद्यमिक विद्यालय काभ्रा	१-१२	५४२	११	८	१२८३१६८८
४	सिद्ददेवीप्रा.वि.अखेला	१-३	५	१	१	१००९७२९
५	जनसहयोगप्रा.वि,वेलडाडा	१-३	४७	१	३	२१२७४४१
६	वालकल्याणप्रा.वि.सालिवाङ	१-५	३७	२	२	१९२०६७२
७	सरस्वतीआ.वि.ठुलाचौर	१-८	१३१	३	८	५१४४७६४
८	निराजनप्रा.वि.पोखरिचौर	१-८	१७	१	२	१३६३७७५
९	जनकल्याणप्रा.वि.चोरखोला	१-५	२२	०	३	१४६८३८३
१०	महाँकविप्रा.वि वाह्भदौ	१-५	३५	२	२	२१८११६७
११	राधेश्याममा.वि गैरागिठी	१-५	२१६	४	९	६५१८७०६
१२	पञ्चकन्याप्रा.वि राजागिठी	१-५	७१	३	३	३०२१६४९
१३	शारदाप्रा.वि ज्यामिरे	१-५	२७	२	१	१७२५९४७
१४	कृष्णप्रा.वि शंखपिपल	१-३	३३	०	२	१५१४३१०
१५	आ.वि दाङचुली	१-८	१२१	३	६	३९०१३८७
१६	त्रिवेणीमा.वि सरिकोट	१-१२	३४४	६	७	७९६४००१
१७	कृष्णप्रा.वि.पिमखोला	१-३	२३	२	१	१६८६०५४
१८	मा.वि.टोट्के	१-१०	११३	३	८	५५२९१९२
१९	सिद्दआ.वि चैतेडाडा	१-६	९२	२	३	३३३०६५७
२०	ने.रामा.वि रेख	१-१२	३८५	९	९	१०१२३३८२
२१	कालिकाप्रा.वि मेलचौर	१-५	६३	२	२	२२०५११८
२२	लक्ष्मी प्रा.वि.डाडासल्ले	१-५	३१	१	१	११५९२६५
२३	शिवसरस्वती आ.वि राताचौर	१-८	८०	२	८	४१५०७०२
२४	सरस्वतीमा.वि सिम्क	१-१२	३३१	४	१०	७५९९५८७
२५	गायत्रीप्रा.वि ढोरचौर	१-५	५३	२	२	२११९८६२
२६	जयवुद्दप्रा.वि.पोखरी	१-५	२४	१	२	१६५०३२०
२७	चण्डेश्वरीप्रा.वि लुहाम	१-५	७४	६	२	४८८८६९८
२८	पशुपतीआ.वि भुम्केज्युला	१-८	८९	५	७	५९६३७४८
जम्मा			३०८८			१०६८९६०५७

४४ **आन्तरिक स्रोतबाट विद्यालयलाइ अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ।शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ।पालिकाले संघीय समानिकरण समेतको पालिका चालु खर्च शीर्षकबाट २८ विद्यालयलाई रु.११६५६२०७।- आन्तरिक स्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरुको तलव भत्ता वापत रकम निकासा दिई खर्च लेखेको छ।जसमा पालिकाले देहाय अनुसार ४५ जना भन्दा घटी बिद्यार्थी संख्या रहेका११ विद्यालयलाई समेत पालिकाको आन्तरिक स्रोतबाट अनुदान निकासा दिई खर्च लेखेको विवरण प्राप्त भएको छ।पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका बिद्यालयमा आन्तरिक स्रोतबाट भ्याउने भए मात्र उपलव्ध गराउनु पर्नेमा समानिकरण अनुदान शीर्षकबाट उपलव्ध गराउन मिल्ने देखिदैन।यसमा सम्वन्धितको ध्यान गइ सुधार गरिनु पर्दछ।

सि नं	बिद्यालयको नाम	कक्षा सम्म	जम्मा बिद्यार्थि संख्याइमिस अनुसार	जम्मा शिक्षक संख्या	अनुदानबाट सुबिधा पाउने शिक्षक (संघीय वालविकास शिक्षक थप रकम समेत)	पालिका श्रोतबाट अनुदान निकासा रकम
१	सिद्द गुफा प्रा.वि खज्जर	१-५	५७	२	२	४८८०००
२	सरस्वती प्रा.वि कोल्चौर	१-५	५४२	२	२	४८८०००
३	जनता माध्यमिक विद्यालय काभ्रा	१-१२	५	०	१	६५०००
४	सिद्ददेवी प्रा.वि.अखेला	१-३	४७	०	१	६५०००
५	जनसहयोग प्रा.वि,वेलडाडा	१-५	३७	०	१	६५०००
६	वालकल्याण प्रा.वि.सालिवाङ	१-५	१३१	१	०	२०५०००
७	सरस्वती आ.वि.ठुलाचौर	१-८	१७	४	४	८७१०००
८	निराजन प्रा.वि.पोखरिचौर	१-५	२२	२	२	३४८०००
९	जनकल्याण प्रा.वि.चोरखोला	१-५	३५	१	१	६५०००
१०	महाँकवि प्रा.वि वाहभदौ	१-५	२१६	१	१	६५०००
११	राधेश्याम मा.वि गैरागिठी	१-१०	७१	४	४	८७०१००
१२	पञ्चकन्या प्रा.वि राजागिठी	१-५	२७	२	२	२७००००
१३	शारदा प्रा.वि ज्यामिरे	१-३	३३	१	१	६५०००
१४	कृष्ण प्रा.वि शंखपिपल	१-५	१२१	१	१	६५०००
१५	आ.वि दाङचुली	१-८	३४४	५	५	११५१०००
१६	त्रिवेणी मा.वि सरिकोट	१-१२	२३	१	१	६५०००
१७	कृष्ण प्रा.वि.पिमखोला	१-५	११३	१	१	६५०००
१८	मा.वि.टोट्के	१-१०	९२	३	३	७६५०००
१९	सिद्द आ.वि चैतेडाडा	१-५	३८५	२	२	२७००००
२०	ने.रा मा.वि रेख	१-१२	६३	७	७	१५९८०००
२१	कालिका प्रा.वि मेलचौर	१-५	३१	२	२	२७००००
२२	लक्ष्मी प्रा.वि.डाडासल्ले	१-५	८०	१	१	२०५०००
२३	शिव सरस्वती आ.वि राताचौर	१-८	३३१	६	६	१६१००००
२४	सरस्वती मा.वि सिम्क	१-१२	५३	३	३	७४८१०७
२५	गायत्री प्रा.वि ढोरचौर	१-५	२४	१	१	२०५०००
२६	जयवुद्द प्रा.वि.पोखरी	१-५	७४	१	१	६५०००
२७	चण्डेश्वरी प्रा.वि लुहाम	१-५	८९	१	१	६५०००
२८	पशुपती आ.वि भुम्केज्युला	१-८	२५	४	४	५७९०००
जम्मा			३०६३			११६५६२०७

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:२८ देखि न्युनतम १:४ सम्म रहेको देखिन्छ। EMIS विवरण अनुसार पालिकाको २८ सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:१५ रहेको देखिन्छ। पालिकाले EMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन, तल्लो कक्षामा घटुवा एंव शिक्षक दरबन्दी मिलान तर्फ विशेष ध्यान दिनुपर्दछ।

४५ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९९५ जना रहेका छन्। पालिकाले सगरमाथा सर्जिकल एण्ड केमिकल हाउस, तुलसीपुरउ.न.पा, दाङबाट ९९९० प्याकेट स्यानिटरी प्याड रु.९,७९,०२०.०(मु अ कर समेत) मा खरिद गरेको छ। त्यस्तै पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरिकेही पालिकामा नै मौज्दातमा राखेको देखियो। मौज्दातमा रहेका प्याडहरु भण्डारण

गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्ने साथै खरिद गरिएका प्याडहरु समयमा विद्यालयहरुमा पठाउने व्यवस्था मिलाउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४६ **सेनिटरी प्याड ढुवानी खर्च**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-११** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ **बढी तलव निकासा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।पालिकाबाट संघीय सर्शत अनुदानबाट पारिश्रमिक प्राप्त गर्ने विद्यालयका कार्यालय सहयोगी २९ जना, वाल विकास सहजकर्ता २३ जना र लेखापाल ६ जनालाई आन्तरीक चालु शिक्षा तर्फबाट तेश्रो त्रैमासिकमा रु.९,९९,०००.० र आन्तरीक श्रोतबाट पारिश्रमिक प्राप्त गर्ने १२ जना वालविकास सहजकर्तालाई पोशाक समेतको रु.६,६०,०००.० गरी रु.१६,५९,०००.० विद्यालयहरुलाई निकासा दिनुपर्नेमा रु.१६,९६,०००.० निकासा दिएको देखिएकोले बढी निकासा भएको रु.३७,०००.० विद्यालयहरुबाट फिर्ता असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३७,०००

४८ **प्रविधि हस्तान्तरण**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **५५,५६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४९ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **४७,३५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५० **दिवा खाजा**

शिक्षा तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.११ मा तोकिएका विद्याथीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ ।पालिका अन्तर्गत सन्चालित सामुदायिक विद्यालयमा अध्ययनरत वालविकास देखि कक्षा ५ सम्मका २७९९ विद्याथीलाई दिवा खाजा उपलव्ध गराउन यस वर्ष रु.२९,४७,५४५.० पालिकाबाट विद्यालयहरुलाई निकासा उपलव्ध गराएको देखियो । कार्यविधी अनुसार दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सवै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयका एकरुपता कायम हुने गरी उपलब्ध भएसम्म स्थानीय उत्पादनमा आधारित दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधीको छनौट गरी सार्वजनिक गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण कार्यविधी,२०७६ मा उल्लेखित मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरु विशेषत : आमा समूह बनाएर वा नियमित क्यान्टिनबाट वा विद्यालय बाहिरबाट क्याटरिङको व्यवस्था गरेर, एकीकृत भान्सा वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था मिलाउनेलगाएतका कार्यान्वयन प्रक्रिया उल्लेख गरेको छ । लेखापरीक्षणको क्रममा श्रेस्ता परीक्षण गर्दा

विद्यालयहरुले दिवा खाजाको लागि आवश्यक सामाग्री खरिद गरेको केहीको मात्र विल भरपाईसंलग्न गरेको, विद्यालयहरुलाई हाजिरी अभिलेखको आधारमा मात्र निकासा दिने गरिएको र पालिकाबाट भएको अनुगमन प्रतिवेदन संलग्न नगरेको जस्ता कैफियतहरु देखिएका छन्। जसले गर्दा कार्यविधीमा उल्लेख भएका कार्यान्वय प्रक्रियाको अक्षरस पालना र बास्तविक विद्याथीको संख्याको आधारमा दिवा खाजा निकासा भए नभएको सम्वन्धमा यकिन गर्न नसकिएकोले यस सम्वन्धमा पालिकाले थप विश्लेषण गरी दिवाखाजा वापत निकासा भएको रकमको सहि सदुपयोग भए नभएको सम्वन्धमा यकिन गर्नुपर्दछ ।

५१ **जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, 2076 को दफा 28 मा जिम्मेवार व्यक्तीले आफ्नो जिम्मामा आएको जिन्सी मालसामान सात दिन भित्र यथास्थानमा दाखिला गरी श्रेष्ता खडा गर्नुपर्ने व्यवस्था छ।त्यस्तै दफा 30 मा कारोबारको लेखा ठिकसंग नराखेको कारणबाट हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षती जिम्मेवार व्यक्तीबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था रहेको छ।त्यसैगरी मलेप फारामहरुको प्रयोग गर्दा खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी मालसामानको छुट्टा छुट्टै फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ।कार्यालयले तपसिल बमोजिमका खर्च भएर नजाने मालसामानलाई खर्च भएर जाने खातामा प्रविष्टि गरी खर्च निकासा समेत गरीसकेको देखिन्छ।उक्त मालसामानको अवस्था एकिन सम्वन्धीत जिन्सी खातामा आम्दानी बाध्नु पर्दछ ।

गो.भौ.नं.र मिति	जिन्सीमालसामान	स्पेसिफिकेसन	परिमान	एकाई	मुल्य
गा. पा. पुँजीगतर्फ					
३/०८१।८।४	हार्डडिस्क	१ टिबिएक्टर्नल	२	संख्या	१४९९९
१३/०८१।९।४	रिभल्भीङचेयर		१	संख्या	११५००
१७/०८१।९।२३	जुटकार्पेट		२५	मिटर	३२३४०
	रिभल्भीङचेयर		१	संख्या	१५१४२
३३/०८१।१०।३	इलेक्ट्रीकहिटर	३रड	२	संख्या	६०००
	सिलिङ्गफ्यान		२	संख्या	५०००
५६/०८१।१२।१२	एस.एस.डी.		१	संख्या	६५००
	एस.एस.डी.		३	संख्या	१३५००
	डेस्कटपर्याम		१	संख्या	६५००
७०/०८१।१२।२५	आइरन मेसिन		१	संख्या	२५००
१३२/०८२।२।२७	आइरन मेसिन		१	संख्या	३३००
१६३/०८२।३।१३	जुटकार्पेट		३०	मिटर	२०३४०
गा.पा.चालु तर्फ					
३००/०८२।१।२६	सिलिङ्गपंखा		५	संख्या	१७५००
	इलेक्ट्रिकहिटर		३	संख्या	१०५००
३६०/०८२।३।१	कुर्सी	जालिवाला	२	संख्या	९०००
४०२/०८२।३।१३	SSD	२५६जिवि	२	संख्या	७९६४
४०३/०८२।३।१३	Hard disk	४ TB	१	संख्या	१४९९९
	हेड फोन	डिजिटलवायरलेस	१	संख्या	५७९९
४०६/०८२।३।१३	SSD	४८०जिवि	१	संख्या	५४९९
	विद्युतियहाजिरी मेसिन		१	संख्या	२६४००
४२०/०८२।३।१६	इलेक्ट्रीकवाटर डिस्पेन्सर	Capacity ५०० w, dimention ३३०*३२०*९५०mm	१	संख्या	११७५२
४८०/०८२।३।२२	स्टयाण्डफ्यान		१	संख्या	३५००
४८१/०८२।३।२२	रिभल्भीङ्गचेयर		१	संख्या	४५००
५०५/०८२।३।२४	डि डि आरर्याम	४जिवि	१	संख्या	४५००
	सिलिङ्गफ्यान		३	संख्या	१०५०९
	हयाण्डमाइक	high power meghaphone speaker	२	संख्या	१६९५०
जम्मा					२८६९९३

५२ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **विद्यालय लेखापरीक्षण**

पालिका अन्तरगतका विधालयहरुको लेखापरीक्षण गर्न पालिकाले सूचना प्रकासित गरी प्रस्ताव माग गरे बमोजिम लेखापरीक्षक नियूक्ती गर्दा निश्चित मापण्डका आधारमा कार्यविधि स्वीकृत गरी सोहि आधारमा लेखापरीक्षक नियूक्ति गर्नुपर्दछ। पालिकाले लेखापरीक्षकको वर्ग, कार्य अनुभव, लेखापरीक्षण गर्ने अंक एंव वर्ष, शुल्क कम्तीमा एक लेखापरीक्षकलाई एक विधालय जस्ता मापण्ड निर्धारण गरी विधालय लेखापरीक्षण गरेको देखिएन। पालिकाले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७९।०८० मा १२, २०८०।०८१ मा १८र २०८१।०८२ मा १३ लेखापरीक्षकको निवेदन परेकोमा २०७९।०८० मा ४, २०८०।०८१ मा ५र २०८१।०८२ मा ८ लेखापरीक्षकलाई लेखापरीक्षण गर्न छनौट गरेको, एक लेखापरीक्षकलाई बढीमा २०७९।०८० मा १२, २०८०।०८१ मा १३ र २०८१।८२ मा ५ वटा विधालय लेखापरीक्षण गर्न दिएको र अन्य केही लेखापरीक्षकलाई लेखापरीक्षण गर्न एक विधालय समेत उपलब्ध गराएको देखिएन। पालिका अन्तरगत २८ वटा विधालय रहेकोमा लेखापरीक्षणका लागि सूचना प्रकाशन गरेपनि निवेदनकर्ता सबैले लेखापरीक्षण गर्न नपाउने र एक लेखापरीक्षकले धेरै विधालय र

आर्थिक वर्षको लेखापरीक्षण गरेबाट समान अवसर पाएको देखिएन। अतः कार्यविधि स्वीकृत गरी मापदण्डका आधारमा विधालय लेखापरीक्षण गराउँदा समान अवसर सबैलाई मिलाउनेतर्फ पालिकाको ध्यान जानु उचित देखिन्छ।

५४ **फरक व्यक्तिका नाममा भुक्तानी**

सरकारी कारोबार निर्देशिका २०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरूबाट रकम भुक्तानी गर्दा एसी पेइ चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ। पालिकाले पुँजीगत खर्च शीर्षकबाट देखाए बमोजिम गरेको रकम सम्बन्धित व्यक्ति वा संस्थाको नाममा भुक्तानी नदिई निम्न अनुसार फरक व्यक्तिका नाममा रु .२,१३,३९१.० भुक्तानी भएको देखियो। यस प्रकार भुक्तानी दिन मिल्ने कानुनी आधार सहितका प्रमाण र पुष्टि बेगर उक्त निर्देशिका विपरीत अन्य व्यक्तिलाई गरेको भुक्तानी रकम कानुन सम्मत भएको देखिएन ।

गो.भौ	कार्य विवरण	काम गरेको व्यक्ति वा संस्था	भुक्तानी लिने व्यक्ति	भुक्तानी रु
४६/०८१ /११/२५	पालिका भित्रका सडक मर्मत कार्य	युनाइटेड निर्माण सेवा	असही अमरसिंह रावत	४७३७५
४६/०८१ /११/२५	पालिका भित्रका सडक मर्मत कार्य	युनाइटेड निर्माण सेवा	सही सूर्यप्रकाश वली	९७१४३
१४६/०८२/३/५	फर्निचर खरिद	कालिका फर्निसिङ सप्लायर्स	सि अ हे ब खिमबहादुर पुन	६८८७३
			जम्मा	२,१३,३९१.०

सम्वन्धितलाइ बुझाएको भपाइ पेश गरेको व्यहोरा कार्यालयले छलफलमा जनाएको छ ।

५५ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तैसार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रकोमाध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिकवर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दाबढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले निम्नानुसार विज्ञापनमूलक खर्च लेखेकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा १ मा सिलबन्दी दरभाउ पत्रको विधिबाट प्रतिस्पर्धा गराई विज्ञापन शुल्कको दररेट लिइ सोही बमोजिम खर्च लेख्नुपर्नेमा सोझै रकम लेखेको छ ।

क्र.स	गो.भौ.नं.	विवरण	रकम
१	२०।०८२।३।२२	पि.एस. एड्भटाईजिङ	२९६६२५
२	१७६।०८२।३।२	पि.एस. एड्भटाईजिङ	७३३२५९
जम्मा			**१०२९८८४**

पालिकाले चालु आ व २०८२/८३ मा ठेक्का आह्वान गरी ९५ प्रतिशत छुटमा ठेक्का स्वीकृत भैसकेको हुदा सुधार गरिएको व्यहोरा कार्यालयले जनाएको छ ।

५६ **बैठक भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-७** को निर्णयले रू **१८१,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५७ **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न

नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष गरेको कतिपय रकमको खरिद गर्दा सोझै तथा ३ वटासंग खुला दररेट माग गरी खरिद गरीएको छ । पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा अधिकांश खरिद सोझै तथा ३ वटासंग दरभाउपत्र माग गरी पटक पटक टुक्राइ सिमित प्रतिस्पर्धाबाट खरिद गरिएको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाएर एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।

गो.भौ.नं. र मिति	**आपुर्तिकर्ता**	**सामानको विवरण**	**खरिद विधि**	**भुक्तानी रकम**
१७५।०८२।३।१९	सम्पूर्णहोम डेकोर	दराज टेबल कुर्सि आदी	३ दररेट	१९४५८६
१६२।०८२।३।१२	वि.एस सप्लायर्स	टेबुल	सोझै खरिद	४९७२०
१६३।०८२।३।१३	दिपक ईन्टरप्राईजेज	कार्पेट	सोझै खरिद	२२५४३
१६१।०८२।३।१२	दिपक ईन्टरप्राईजेज लगायत	स्टाण्ड लगायत	सोझै खरिद	९९०७७
१३९।०८२।२।३०	लक्ष्मी हार्डवयर	कुर्सी टैबल	सोझै खरिद	९४८०७
१३७।०८२।२।३०	न्यू ल्यापटप हस्पिटल	प्रिन्टर, ल्यापटप ब्याट्री लगायत	३ दररेट	६४४४६४
१०१।०८२।२।१	लक्ष्मीहोम डेकोर	टेबल कुर्सी	सोझै खरिद	६२८५६
१८।०८१।९।२४	भण्डारी काष्ठ उद्योग एण्ड फर्निचर सेन्टर	काउन्टर टेबल	सोझै खरिद	७८५५०
१४६।०८२।३।५	सि.अ.हे.ब खिम बहादुर पुन	सोफा लगायत	सोझै खरिद	६८८७३
५७।०८१।१२।१२	गरुड मल्टिटेक्नोज सप्लायर्स	हार्डडिस्क	सोझै खरिद	२६०००
५६।०८१।१२।१२	स्मार्ट कम्प्युटर वर्ल्ड लगायत	कम्प्युटर सामाग्रिहरु	३ दररेट	२६५०१८
२४।८१।९।२८	न्यू ल्यापटप हस्पिटल	प्रिन्टर मनिटर डिस्पले लगायत	दररेट	२२६००२
२३।०८१।९।२८	स्मार्ट कम्पुटर वर्ल्ड	प्रिन्टर ल्यापटप लगायत	दररेट	२२४०००
२२।०८१।९।२८	साईना कम्प्युटर एण्ड सप्लायर्स	ब्याट्रि स्टेपलाईजर	३ दररेट	२८६४९७
२०।०८१।९।२८	साईना कम्प्युटर एण्ड सप्लायर्स	डेस्कटप	सोझै खरिद	५००००
३।०८१।८।४	साईना कम्प्युटर एण्ड सप्लायर्स	किबोर्ड कार्टेज र्याम	सोझै खरिद	२३७९८०
१७।०८१।९।२३	दिपक ईन्टरप्राईजेज	प्लाष्टिक कुर्सी	सोझै खरिद	११२५२१
				२७४३४९४

कार्यालयले चालु आ व २०८२/८३ उक्त समेत सबै प्रकारका खरिदहरु ठेक्का व्यवस्थापनको माध्यमबाट गर्ने गरी प्रकृया शुरु गरिसकेको व्यहोरा जनाएको छ ।

५८ परामर्शदाता

सार्वजानिक खरिद ऐन, २०६३ को दफा २९(क) मा परामर्ष सेवा खरिद गर्दा सम्बन्धित सार्वजिक निकायमा उलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्न सकिने र नियमावली, २०६४ कोनियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार परामर्श सेवा सोझैखरिद गरी रु.१३,२१,८८५.० खर्च लेखेको छ।जसमा निम्नानुसार देखियो।

क्र.स	गो.भौ.नं र मिति	कामको विवरण	परामर्षदाता	ल.ई	सम्झौता	भुक्तानी
१	५०८।०८२।३।२४	गा.पा आवधिक योजना निर्माण	गोल्डेन कन्सल्टेन्सि एण्ड रिसर्च प्रा.लि	९९९७७४	९७५६६५	९७५६६५
२	९४।८२।१।२३	शिक्षा शाखाको सफ्टवयर खरिद	फाईण्ड अल नेपाल प्रा.लि	-	-	३४६२२०
		जम्मा				१३,२१,८८५.०

उपरोक्त खरिदको परीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्।

५८.१ **अभिलेखिकरण र संचालन :** कार्यालयले विगतमा र हाल कार्यालयमा बिकास र जडान गरेका सफ्टवेयरहरु र विगत र हाल अध्ययन गरेका विभिन्न डिपिआर लगायतका अध्ययनका प्रतिवेदनहरुको व्यवस्थित अभिलेखिकरण गरेको देखिएन । यसमा सुधार गरिनु पर्दछ ।

५८.२ **न्यून प्रतिस्पर्धा :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा खरिदका विधिहरुको उल्लेख छ । कार्यालयले उपरोक्त वमोजिम डिपिआर लगायतको अध्ययन कार्य गराउदा रु ५ लाखसम्मका लागत अनुमान भएका कार्यमा प्रत्येकमा ३ वटा दरले पत्र मार्फत सोझै र खुला रुपमा दरभाउ पत्र लिएर प्रस्ताव छनौट गरेको छ ।यसरी छनौट भएका घटीवालासंग सम्झौता गरेको देखियो । यसरी गरेको खरिद कार्य गर्दा स्वच्छ प्रतिस्पर्धा र पारदर्शी भयो भन्न मिल्ने देखिएन । यसमा सुधार गरिनु पर्दछ ।

५८.३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराहरु उल्लेख गरिएको छ । कार्यालयले उपरोक्त वमोजिमको अध्ययन कार्य गर्दा र गराउँदा लागत अनुमान तयार गरी स्वीकृत गरेको छ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित कामको लागि वास्तविक रुपमा चाहिने कामको परिमाण र दर विश्लेषण गरेर गर्नुपर्नेमा सो नगरी स्वीकृत बजेटको आधारमा परिमाण कायम गरी लागत अनुमान तयार गरिएको छ । यसरी तयार भएको लागत अनुमानलाई वास्तविक र यथार्थतामा आधारित भई तयार गरेको भन्न मिल्ने देखिएन। यसमा सुधार गरिनु पर्दछ ।

५९ **खरिद टुक्राएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु।५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु।५ लाखभन्दा माथि रु।२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष बिभिन्न बिक्रेताको बिभिन्न बिल बिजकबाट करिव ३५९ भन्दा बढी कारोवारबाट रु. ११११८८४४। रकम बराबरको बिभिन्न बस्तु तथासामाग्री खरिद गरी बिक्रेतालाइ भुक्तानी गरेको बिबरणकार्यालयको PAMS सफ्टवेयरबाट प्राप्त भएको छ । यसरी यो वर्ष पूँजीगत तथा चालु किसिमका सामान खरिद गर्दा सोझै तथा ३ वटासंग दर माग गरी पटक पटक खरिद गरीएको छ । कार्यालयले वार्षिक खरिद योजना बनाई सोही बमोजिम स्वीकृत कार्यक्रम अनुसार खरिदको प्याकेज बनाइ प्याकेज अनुसार एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा सो बमोजिम गरेको छैन । विभिन्न कार्यक्रम संचालनको क्रममा खरिद गरेका विभिन्न सामाग्री तथा सम्पत्तीहरु, विभिन्न किसिमका कार्यक्रमको लागी चाहिने सामाग्रीहरु आदिको खरिद कार्य गर्दा साना ठुला सबै कार्यक्रम प्रत्येकको छुट्टा छुट्टै रुपमा कार्यक्रम वाईज सोझै वा दररेट लिएर खरिद गर्ने गरेको छ । वार्षिक खरिद योजना अनुसार सबै प्रकारका मालवस्तु तथा सम्पत्तीको एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ले तोकेको खरिद विधि र प्रकृया पुरा गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्ने व्यवस्था मिलाउनु पर्नेमा सो बमोजिम नगरी छुट्टा छुट्टै रुपमा खरिद गर्ने गरिएको छ । जसले गर्दा एउटै सामाग्री समेत कार्यक्रम वाइज पटक पटक खरिद गर्नु परेको, मूल्य समेत फरक पर्ने गरेको, एउटै सामग्री फरक फरक बिक्रेताबाट एउटै वा फरक मितिमा खरिद गर्ने गरिएको अवस्था बिद्यमान रहेको देखियो । वर्ष भरिमा कुन कुन मालवस्तु के कति परिमाणमा के कति मूल्यको खरिद भयो एकमुष्ट अभिलेख अद्यावधिक नगरेबाट यकिन गर्न सकिएन । यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन । यसका केहीउदाहरणनिम्नानुसार छन् ।

सि.नं.	मिति	आपूर्तिकर्ताको नाम	बिल नं.	रकम	कैफियत
१	२०८१-०७-०८	न्यू महालक्ष्मी अफसेट प्रेस	२१,२२	४०९,०६०.००	बिरामी पूर्जा, धरनक्सा किताब, रातो किताब, लगायत विभिन्न छपाई
२	२०८१-०८-०५	कालिका एग्रोभेट सैन्टर	३१	३९४,६७०.००	कृषी सम्बन्धी विभिन्न बिउबिजनहरु
३	२०८१-०८-०५	कालिका एग्रोभेट सैन्टर	३०	१३५,०००.०	कृषी सम्बन्धी गहुको बिउ
४	२०८१-०७-२८	भवानी छापाखाना	५८,५९	२५१,८५४.४०	शिक्षा शाखाबाट विद्यालयहरुका लागि विभिन्न किताबहरु छपाई
५	२०८१-०९-१९	न्यू ल्याप्टप हस्पीटल	०८	२२६,००२.२६	ल्यापटप,प्रिन्टर, मोनिटर र ट्रली स्पिकर
६	२०८१-०९-१९	साईना कम्प्यूटर एण्ड ईलेक्ट्रोनिक्स सप्लायर्स	३३	२८६,४९५.६८	स्टेबिलाइजर र ब्याट्री
७	२०८१-०९-१९	स्मार्ट कम्प्युटर वल्ड	०९	२२३,९९८.७७	प्रिन्टर ल्याप्टप
८	२०८१-१०-२१	ब्रिजिता सप्लायर्स	०२	२९८,६५९.०	प्रधानमन्धी रोजगार सामाग्री
९	२०८१-१०-२५	लुम्बिनी एग्रो हब	०८	३९०,४५४.६०	पशुपंक्षीको मेशिनरी सामाग्री तथा फ्रिज
१०	२०८१-११-२१	मोर्डन भेट सेन्टर	१९८४,१९८5	२९७,७१६.०	पशुपंक्षीको औषधि
११	२०८१-११-१३	पंचदेबी सप्लायर्स	३०	२४८,७४१.२५	विपद प्रतिकार्य सम्बन्धी सामाग्री
१२	२०८१-११-१२	हाम्रो गार्मेन्ट उघोग	४४	१५३,८२४.६४	अध्यक्ष्य कप तथा राष्ट्रपती रनिङ्गसिल्डका लागि ट्र्याक सुट तथा गेमसेट
१३	२०८१-११-२०	कालिका एग्रोभेट सैन्टर	५९	१५९,३३०.०	पशुपंक्षीको औषधि
14	२०८१-१२-०२	हनुमान ट्रेडिङ्ग कन्सर्न	३७०	३०१,१३३.७०	ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्याक्तिलाई वितरण
१५	२०८१-१२-१२	न्यू ल्याप्टप हस्पीटल	७५	५१२,५७९.८६	ल्यापटप, ब्याट्री र इन्भटर
१६	२०८१-१२-१२	न्यू ल्याप्टप हस्पीटल	१६	१३२,००२.०८	ब्योमेट्रीक डिभाइस
१७	२०८२-०१-२६	लुम्बिनी एग्रोटेक एण्ड सप्लायर्स	१३१	२८५,०००.०	खाद्यन्न बालि प्रर्वद्बन कार्यक्रमबाट त्रिपाल/पाल
१८	२०८२०१-२४	स्माइल इन्टरनेशनल ट्रेड कन्सर्न	०५०	१२४,८६५.०	पंचेबाजा
१९	२०८२-०१-२१	फाइन्ड अल नेपाल प्रा.लि.	०१	३४६,२२०.०	Payroll Niakasa Software शिक्षा शाखाको
२०	२०८२-०१-२६	गोरखा ट्रेडर्स	५५	२३२,०५०.०	खाद्यन्न बाली प्रर्वद्बनबाट टिनको भकारी
२१	२०८२-०२-१४	पृथ्वी एग्रोभेट सेन्टर	२२३३	३१०,५००.०	पशुपंक्षी ओषधी
२२	२०८२-०२-१४	जय खैराबाङ सःमिल उद्योग	३२	५२९,६६४.९०	रुम टु रिड फर्निचर शिक्षा
२३	२०८२-०२-२०	सगरमाथा सर्जिकल एण्ड केमिकल हाउस	१४८	९७९,०१२.५१	सामूदायिक विद्यालयका छात्राहरुलाई सेनिटरी प्याड
२४	२०८२-०३-०३	मोहम्मद हारुन सिलाई मशिन पसल	१६७	१२०,८२२.९९	लघु उद्यम कार्यक्रमका लागि सिलाइ मेशिन
२५	२०८२-०३-०५	कृषिनरी नेपाल प्रा.लि.	TI545-MMX-82/82	२०१,९००.०	गरिव सँग विसेश्वर कार्यक्रमबाट मिनि टिलर

२६	२०८२-०३-१७	सम्पूर्ण होम डेकोर	३४०	१९४,५८६.०	मेलमिलापकर्ता व्यवस्थापनका लागि फर्निचर सामाग्री
२७	२०८२-०३-१६	देव प्लाष्टीक ईण्डष्ट्रिज	DPISB-405-81/82	१,०९०,०१०.८३	खानेपानी एच.डि.पि पाइप
२८	२०८२-०३-१२	रासी स्टेशनरी एण्ड बुक्स सेन्टर	६६५	१५९,३१३.७३	लक्षित वर्ग एवं बालबलिकाको लागि ब्याग र कापी
२९	२०८२-०३-१३	स्मार्ट कम्प्युटर वल्ड	३६	१४८,०३०.०	Power socket and E-attendance machine
३०	२०८२-०३-१७	फेन्डस कम्यूनिकेशन	३७८	१५६,४७१.१०	अपाङ्ग तथा ज्येष्ठ नागरिक सम्मानका लागि इलेक्ट्रिक कित्तली
३१	२०८२-०३-२३	ड्रिमल्याण्ड ट्रेडर्स प्रा.लि.	DT/TU/3144/81-82	४१२,९००.०	मो.सा
३२	२०८२-०३-२३	ड्रिमल्याण्ड ट्रेडर्स प्रा.लि.	DT/TU/3145/81-82	४१२,९००.०	मो.सा
		जम्मा		१०,१२५,६६९.३०	

६० सामाजिक सुरक्षा भत्ता

६०.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक किस्ता वापतको कुल रकम रु. ७,२४,५३,३६९।५०। - विद्युतीय भुक्तानीबाट सम्बन्धितको खातामा पठाई खर्च लेखेको छ ।

६०.२ **अभिलेख अद्यावधिक-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५ (१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने व्यवस्था छ । सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण आंशिक रुपमा मात्र अध्यावधिक गरेको हुदा पालिकाले यसतर्फ ध्यान दिनु पर्दछ ।

६१ मुख्यमन्त्री रोजगार कार्यक्रम

मुख्यमन्त्री रोजगार कार्यक्रम कर्णाली प्रदेशका बेरोजगार युवालाई स्थानीयस्तरमा रोगजारी सृजना तथा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सामुदायिक निर्माण कार्यमा संलग्न गराई गरिबी निवारणमा योगदान पुर्‍याउने उद्देश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सन्चालन हुँदै आएको छ।यस वर्ष पालिकाले छनौटमा परेकादेहायका ६ योजनामा रु.९० लाख बजेट विनियोजन गरेकोमा ८७ लाख ९० हजार ४ सय ४२ खर्च गरी १५५ जनालाई रोजगारी उपलव्ध गराएको छ।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय अनुसार छन्।

क.स	योजनाको नाम	योजनामा स्वीकृत बजेट	सम्झौता रकम	कार्य सम्पन्न रकम	जम्मा भुक्तानी			कामदार संख्या
					सामाग्री	ज्याला	जम्मा	
१.	तल्लोडाँडा बार्न गैरामैने सिंचाई कुलो निर्माण	१५०००००	१४७०४२२.३४	१४६८३८८.०४	७१७५६९	७५०१९०	१४६७७५९	४३
२.	आधारभूतस्वास्थ्य केन्द्र भवन तला थप	१५०००००	१४७०५४६.३६	१४६४६८९.३०	७१४४३०	७४८९२०	१४६३३५०	२१
३.	तिनरुखतथा उत्तिसेघारी खेत सिंचाई कुलो निर्माण	१५०००००	१४७०१४४.२८	१४६८४४३.२५	७२९१९३	७३५५४०	१४६४७३३	२३
४.	कारेवाँसचिसापनी सिचाँई कुलो निर्माण	१५०००००	१४७०२५४.५९	१४६२६०९.१६	७२७०००	७३४७२०	१४६१७२०	२३
५.	ठुलोखोलाघरेली तिर्से खानेपानी निर्माण आयोजना	१५०००००	१४७००२९.२५	१४६४०७७.१९	६१५८८०	८४८०००	१४६३८८०	२४
६.	चण्डेश्वरीआ.विको दोस्रो तल्ला थप	१५०००००	१४७०२१५.०६	१४६९९०६.३	७३४०००	७३५०००	१४६९०००	२१
	जम्मा	**९०००००0**	**८८२१६११.८८**	**८७९८११३.२४**	**४२३८०७२**	**४५५२३७०**	**८७९०४४२**	**१५५**

६१.१ **अनुपात नमिलेको** – मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधी, २०७८ को दफा ७ मा श्रमिक ज्याला तथा सामाग्री लागत अनुपात अनुसूची -५ बमोजिम हुने व्यवस्था छ । अनुसूचिमा उल्लेख भए अनुसार खानेपानी आयोजना निर्माणमा श्रम र सामाग्रीको अनुपात ४०/६० तोकिएको छ । पालिकाबाट यस कार्यक्रम अन्तर्गत ठुलोखोला घरेली तिर्सेखोला खानेपानी निर्माण कार्यमा ४१.०४ प्रतिशत ज्याला र ५८.९७ प्रतिशत सामग्रि अनुपात रहने गरी रु.१४,७०,०२९.२५ मा सम्झौता भएको देखियो । २४ जना कामदारलाई संलग्न गराई सम्पन्न भएको यस योजनामा रु.६,१३,७०८ (४२.०७%) ज्याला र रु.,८,४८,००० (५७.९३%) सामग्रिमा गरी रु. १४,६३,८८० को निर्माण सम्पन्न भई कुल रु. १४,६१,७०८ सोही श्रमिक र उपभोक्ता समितिलाई भुक्तानी भएको छ । यसरी अनुसूचीमा उल्लेख भए अनुसार अनुपात मिलाएर कार्य गर्नुपर्दछ ।

६१.२ **उपभोक्ता समिति मार्फत भुक्तानी** – मुख्यमन्त्री रोगगार कार्यक्रम सन्चालन कार्यविधी,२०७८ को दफा १५ मा आयोजना सञ्चालन ठेक्का पट्टा वा तेस्रो पक्ष मार्फत गर्न वा गराउन नपाईने व्यवस्था छ । त्यस्तै सरकारी कारोवार निर्देशिका, २०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरुबाट रकम भुक्तानी गर्दा A/C Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान छ । पालिकाले आयोजनाको सन्चालन गर्दा प्रयोगमा आएको सामाग्रीहरुको भुक्तानी रु. ४२,३८,०७२ सम्वन्धीत फर्महरुलाई A/C Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी गर्नुपर्नेमा उपभोक्ता समिति मार्फत गरेको देखियो । यसरी निर्देशिकामा उल्लेखित प्रावधान विपरित तेश्रो पक्ष मार्फत फर्महरुले रकम बुझेको छ । यसमा सम्वन्धित पक्षको ध्यान गइ सुधार हुनु पर्दछ ।

६१.३ **खर्च व्यवस्थापन**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२८** को निर्णयले रू **८७९,०४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको र कार्यक्रमलाई व्यबस्थित रुपमा सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरिएको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ६ वटा वडाहरुमा६ वटा योजना सञ्चालन गरि यस वर्ष ५१३० जना सूचीकृत भएकोमा ८४ जनालाई १०० दिनको रोजगारी उपलब्ध गराई नेपाल सरकारको रु.२९,८०,०००।- र युवा रोजगारीका लागि रुपान्तरण पहल(आई.डि.ए विश्वबैंक)

को रु. २६,०८,६६६।- गरी कुल रु. ५५,८८,६६६।-श्रमिकज्याला खर्च भएको छ योजना छनौट गर्दा योजना छनौटका आधार नखुलाएको कारण पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजना दोहोरो नहुने गरि योजना छनौट गरि कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी शृजना भएता पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी शृजना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम दिगोपना तथा दीर्घकालिन रोजगारी श्रजना हुनेगरी व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

पालिकाले योजना छनौट गर्दा दोहोरोपना नपर्नेगरी वडा समितिबाट निर्णय गरी कार्यपालिकाको निर्णयले छनौट गर्ने गरेको जफाफ दिएको छ ।

६३ आन्तरिक राजस्व तर्फ

६३.१ आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.रु.५७,०८,७६४.६२यथार्थ रुपमा असुल गरी समयमै दाखिला भएको देखिएन भने उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । यस सम्बन्धमा पालिकाको ध्यान जानुपर्दछ ।

६३.२ **एम्बुलेन्स तर्फ-** कार्य सञ्चालन कोष ऐन, २०४३ मा आर्थिक प्रशासनलाई बढी सरल र सुविधाजनक बनाई विकासको गतिलाई तीब्र पार्न तथा सर्वसाधारण जनतालाई आर्थिक सुविधा पुयाउन कार्य सञ्चालन कोष व्यवस्था गर्न सकिने गरेको उल्लेख छ । पालिकाले एम्बुलेन्स संचालन सम्बन्धी कार्यविधि, २०७५ तयार गरी एम्बुलेन्स संचालनकोष स्थापना गरेको पाईयो । कार्यविधि अनुसार उठाएको सेवा शुल्क राजस्व शाखामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाको दुईवटा एम्बुलेन्सले गरेको आम्दानी कुल रु. १४,२६,४००। मध्ये रु.९,२१,६८१।ईन्धन र मर्मत खर्च गरी रु. ५,३४,३१९। कोषमा दाखिला गरेको छ । यसरी कार्यविधिले व्यवस्था गरे अनुसार कोषमा दाखिला नगरी सिधै खर्च लेख्ने कार्य मनासिब देखिएन । यस्तो कार्यलाई नियन्त्रण गरी कोषलाई थप व्यवस्थित गर्नेतर्फ ध्यान दिनपर्दछ ।

६३.३ **प्राकृतिक श्रोत विक्री-** कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को बुँदा ३ बमोजिम कार्ययोजना तयार गर्नुपर्ने, बुँदा ४ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने बुँदा ५ मा नदी तथा खानीयोग्य स्रोतको उत्खनन र सकंलन गर्दा अपनाउनु पर्ने विधि तथा बुँदा ७ मा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ उक्त कार्यविधिको पालना गरी नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्नुपर्नेमा पालिकाको कार्यक्षत्र भित्र ढुंगा गिट्टी उत्खनन तथा बिक्रि वितरण गरेको तथा नदी तथा खानीजन्य सामग्री प्रयोग गरी व्यक्तिगत तथा सरकारी संरचनाहरु निर्माण भइरहेको साथै विक्रि वितरणको लागि घाटगद्दी गरी प्राविधिक मूल्याङ्कन गरी समयमा ठेक्का सम्पन्न गरीबन्द गरेको छ । तसर्थ उचित व्यवस्थापन नगरेकोले प्राकृतिक श्रोतवाट आय प्राप्त गरेको छैन । यस तर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : त्रिवेणी गाउँपालिका, सल्यान , त्रिवेणी गाउँपालिका , सल्यान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	khum bahadur k.c	२०८०-५-१५	हाल सम्म कार्यरत
लेखा प्रमुख	santosh sapkota	२०८१-०४-०१	२०८१-११-१८
लेखा प्रमुख	pushpa komal oli	२०८१-११-१९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४३३,९८५	१,६१०,४६६	१,९५०,८६१	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३,९९५,३१२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,२७६,०२९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२,७१९,२८३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४५१५५५५५०.९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२६६७५०५२५.५५	चालु खर्च	०.०
प्रदेश सरकारबाट अनुदान	२१८७८१४२.३५	पूँजीगत खर्च	१०३७३७७०५
राजश्व बाँडफाँट	७२४६५७७५.३१	वित्तीय/अन्य व्यवस्था	३६११६०९२९.९४
आन्तरिक आय	५७०८७६४.६२		
अन्य आय	९६००५३९९.५६		
कुल आय	४६२८०८६०७.३९	कुल खर्च	४६४८९८६३४.९४
बाँकी मौज्दात		४३०६५५२३.३५	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)							
क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति						
११०००	कर	७,३९,९१,००३.११	०	७,३९,९१,००३.११	६,०५,८८,५२५.९३	०	६,०५,८८,५२५.९३
१३०००	अनुदान	२५,८९,१८,८३०.३६	०	२५,८९,१८,८३०.३६	२६,५२,५७,९३७.५६	०	२६,५२,५७,९३७.५६
१४०००	अन्य राजस्व	४२,७६,३२७.०३	०	४२,७६,३२७.०३	१,६१,४९,३५१.७६	०	१,६१,४९,३५१.७६
१५०००	विविध प्राप्ति	१,७५,३०६.००	०	१,७५,३०६.००	०	०	०
क	कुल जम्मा प्राप्ति	३३,७३,६१,४६६.५०		३३,७३,६१,४६६.५०	३४,१९,९५,८१५.२५		३४,१९,९५,८१५.२५
३	चालु	२३,७५,२२,७०७.८८	०	२३,७५,२२,७०७.८८	२४,६२,४५,२०७.५४	०	२४,६२,४५,२०७.५४
२१०००	पारिश्रमिक / सुविधा	१२,९७,०१,५५४.०८	०	१२,९७,०१,५५४.०८	१३,८८,६९,६३०.९८	०	१३,८८,६९,६३०.९८
२२०००	मालसामान तथा सेवाको उपयोग	६,७५,३४,६७३.४०	०	६,७५,३४,६७३.४०	८,३७,०७,५४१.८६	०	८,३७,०७,५४१.८६
२५०००	सहायता (Subsidy)	२,९५,२३,३१३.४०	०	२,९५,२३,३१३.४०	२,४९,५४३.००	०	२,४९,५४३.००
२६०००	अनुदान	०	०	०	१,५०,२७,७८५.७०	०	१,५०,२७,७८५.७०
२७०००	सामाजिक सुरक्षा	५७,०८,७९५.००	०	५७,०८,७९५.००	६०,२७,२६५.००	०	६०,२७,२६५.००
२८०००	अन्य खर्च	५०,५४,३७२.००	०	५०,५४,३७२.००	२३,६३,४४१.००	०	२३,६३,४४१.००
४	पूंजीगत	१०,४५,२२,४४५.००	०	१०,४५,२२,४४५.००	१०,७४,०१,५३२.००	०	१०,७४,०१,५३२.००
३१११०	भवन तथा संरचना	४,७७,३०,३८४.००	०	४,७७,३०,३८४.००	३,३५,४४,३५०.००	०	३,३५,४४,३५०.००
३१११२०	सवारी साधन,	३९,४१,१००.००	०	३९,४१,१००.००	४६,८४,६७१.००	०	४६,८४,६७१.००

	मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स						
३११३०	अन्य पूँजीगत खर्च	३,४६,२२०.००	०	३,४६,२२०.००	२,१८,९४०.००	०	२,१८,९४०.००
३११५०	सार्वजनिक निर्माण	५,२५,०४,७४१.००	०	५,२५,०४,७४१.००	६,८४,१६,३०१.००	०	६,८४,१६,३०१.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	०	०	०	५,३७,२७०.००	०	५,३७,२७०.००
ख)	कुल जम्मा भुक्तानी	३४,२०,४५,१५२.८८		३४,२०,४५,१५२.८८	३५,३६,४६,७३९.५४		३५,३६,४६,७३९.५४
ग)	बचत /कमी (ग = क-ख)	(४६,८३,६८६.३८)		(४६,८३,६८६.३८)	(१,१६,५०,९२४.२९)		(१,१६,५०,९२४.२९)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	३५,७९,१५७.८३		३५,७९,१५७.८३	(२७,४८,३६५.०२)		(२७,४८,३६५.०२)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी				-५२२.		-५२२.
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(११,०४,५२८.५५)		(११,०४,५२८.५५)	(१,४३,९९,२८९.३१)		(१,४३,९९,२८९.३१)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	४,५०,६९,५२८.९०		४,५०,६९,५२८.९०	५,९४,६८,८१८.२१		५,९४,६८,८१८.२१
छ)	आ.व. अन्तको बाँकी नगद तथा	४,३९,६५,०००.३५		४,३९,६५,०००.३५	४,५०,६९,५२८.९०		४,५०,६९,५२८.९०

	बैंक मौज्दात (ज= ङ+च+छ)						

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।